वर्ष : १८, अंक : ११, काठमाडौं, २०७९ असार १० गते शुक्रबार, 24 June 2022, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## प्रदेश र प्रतिनिधिसभा निर्वाचनको तयारी सुरू




काठमाडौं । निर्वाचन आयोग नेपालले आगामी मंसिरको पहिलो सातासम्म प्रदेश र संघीय निर्वाचन गर्ने गरी तयारी थालेको जनाएको छ । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले आसन्न प्रदेश र संघको निर्वाचन आगामी मंसिर महिनाको पहिलो सातासम्म गर्ने गरी आयोगले आन्तरिक तयारी थालेको बताएका हुन् ।

उनले आयोगले एकै चरणमा निर्वाचन गर्दा मंसिरको पहिलो सातासम्म निर्वाचन गर्ने गरी आन्तरिक तयारी गरेको पनि बताए । प्रवक्ता पौडेलले आयोगले सरकारलाई निर्वाचन कानुनबमोजिम दिएको परामर्शमा सरकारले निर्वाचन मिति घोषणा गर्ने भएकोले आयोगले आन्तरिक तयारी गरिरहेको पनि स्पष्ट पारे ।

एकै चरणमा निर्वाचन गर्दा मंसिरको पहिलो सातासम्म निर्वाचन गर्ने गरी आयोगले आन्तरिक तयारी गरेको छ । यस सम्बन्धमा आयोगले सरकारलाई निर्वाचन कानुनबमोजिम आयोगको परामर्शमा सरकारले निर्वाचनको मिति घोषणा गर्ने भएकोले आयोगले परामर्श गरिरहेको छ ।

## संघीय संसदलाई तमलोपाको ज्ञापन

जनकपुरधाम । वृषेश चन्द्र लाल नेतृत्वको तराई-मधेश लोकतान्त्रिक पार्टीले नागरिकता विधेयक पारित गर्न माग गर्दै संघीय संसदलाई ज्ञापनपत्र बुझाएको छ । तमलोपाले आइतबार मधेश प्रदेशको प्रदेशसभा सचिवालयमार्फत् संघीय संसदका सभामुखलाई नागरिकता ऐन, २०६३ पहिलो संशोधन हुन संसदीय प्रक्रिया अगाडि बढाउन माग गर्दै ज्ञापनपत्र बुझाएको हो ।

नेपालको नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयकलाई अगाडि बढाउन आवश्यक पहल गरिदिई नागरिकता सम्बन्धी समस्याको निराकरणतर्फ पाइला चाल्न तमलोपाले माग गरेको हो ।

ज्ञापनपत्र पृष्ठ ५ मा

# मधेशको पर्यटन विकासमा कोशेढुङ्गा

## ५ सय भारतीय पर्यटक बोकेको रेल जनकपुरधाम आयो

**मधेशवाणी सम्वाददाता**

जनकपुरधाम । मधेश प्रदेशका ८ वटै जिल्ला भारतीय सीमासँग जोडिएको छ । मधेशको पर्यटन क्षेत्रको विकासका लागि भारतीय पर्यटक वरदान नै मानिन्छ ।

अन्य क्षेत्र झैं मधेश पनि पर्यटनको प्रचुर सम्भावना रहेको क्षेत्र हो । मधेशको फरक मौसम, फरक हावापानीले पर्यटकलाई नेपालको अन्य भूगोल भन्दा फरक अनुभूति दिने गरेको छ ।

मधेशको संस्कृति, पहिरन, रीतिरिवाज, चाडपर्व, खानपानले पर्यटकहरूको भ्रमणको यात्रा र अवधिलाई लम्ब्याउन मद्दत गर्छ । भारतसंग जोडिएको करिब १८ सय किलोमिटरको खुला सिमाना 'गेटवे टु नेपाल' पनि भारतीय पर्यटकलाई मधेशमा ल्याउन मद्दत गरिरहेको हुन्छ । यदि यो भारतीय पर्यटकको लागि पनि पर्यटन मैत्री वातावरण निर्माण भयो भने यसको क्रम र संख्यामा उल्लेख्य वृद्धि गर्न सकिन्छ ।

मधेश प्रदेशमा सप्तरीको छिन्नमस्ता भगवती, सिरहाको सलहेस, जनकपुरधामको जानकी मन्दिर, जलेश्वरनाथ मन्दिर, रौतहटको शिवनगर, बाराको गढिमाई हुँदै पर्साको गहवा माई तथा दुग्धेश्वर महादेव (भाथा बाबा)लाई जोडेर धार्मिक पर्यटन सर्किट निर्माण गर्न सकियो भने यसले पर्यटनको क्षेत्रमा युगान्तकारी टेवा पुग्न सक्छ ।

मधेशमा प्राकृतिक र ऐतिहासिक धरोहरहरूले पनि पर्यटकहरूको आकर्षकको केन्द्र विन्दु बन्न सक्छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०१८ मई दोश्रो हप्ता जनकपुरधामको भ्रमण गरेका थिए। मोदीको जनकपुर भ्रमणपछि सो क्षेत्रमा पुग्ने भारतीय तथा बाह्य पर्यटकको संख्या बढेको छ । मोदीको भ्रमणपछि भारतीय तीर्थयात्रीको संख्यामा दोब्बरले वृद्धि भएको हो ।

नेपालको आर्थिक विकास गर्नका लागि पर्यटन क्षेत्रको विकास अपरिहार्य छ । पर्यटक भित्रयाउनका लागि सांस्कृतिक कूटनीति चाहिन्छ । मधेशको पर्यटनका लागि भारत सबैभन्दा दिगो र भरपर्दो स्रोत हो ।




गत वर्ष चैतमा भारतको विहार सरकार र मधेश सरकारबीच पर्यटन प्रवर्द्धनका विषयमा छलफल भएको थियो ।

'आजादी का अमृत महोत्सव' अन्तर्गत वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासले 'विहार सरकार र मधेश प्रदेश सरकारबीच पर्यटनको प्रवर्द्धन' नामक कार्यक्रममा गरेको थियो । छलफलको उद्देश्य दुवै तर्फका पर्यटकले भोग्नुपरेका कठिनाइहरू र यसका समाधानका उपायहरूबारे चर्चा गर्नु रहेको थियो ।

त्यस्तै, चितवन राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज र वाल्मीकि टाइगर रिजर्भको सम्बन्धका साथै भारत र नेपालका पर्यटकीय गन्तव्य रामायण, बुद्ध र जैन सर्किटको सम्बन्धको महत्वबारे छलफल भएको थियो ।

**जनकपुरमा रामायाण सर्किट रेल**

करिब ५ सय धार्मिक पर्यटक बोकेर भारतको रामायाण सर्किट रेल बिहीबार अपरान्ह जनकपुरधाम आइपुगेको छ । जनकपुरस्थित रेल्वे प्लेटफर्ममा मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले भारतीय पर्यटकलाई स्वागत गरे । धार्मिक पर्यटक बोकेर भारतबाट सिधै जनकपुर आइपुगेको यो नै पहिलो रेल हो ।

रामायण सर्किटमा सञ्चालन हुने 'भारत गौरव टुरिस्ट रेल' अयोध्या, बनारस, प्रयागराज, सीतामढी हुँदै नेपाल-भारत सिमाना जयनगरबाट जनकपुर आइपुगेको हो । जयनगरबाट रेल नेपाल प्रवेश गरेलगत्तै ठाउँ-ठाउँमा फूलमालाले स्वागत गरिएको छ ।

त्रेतायुगमा राम र सीताको विवाह भएको थियो । भारत अयोध्याका राजा दशरथका छोरा राम र जनकपुरका राजा जनककी छोरी सीतासित विवाह भएको थियो ।

बाँकी अन्तिम पृष्ठमा

### मुख्यमन्त्री राउतद्वारा स्वागत



जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले भारतीय पर्यटकलाई जनकपुरधामस्थित रेल्वे स्टेशनमा स्वागत गरेका छन् । रामायण सर्किट रेल चढेर आएका भारतीय पर्यटकलाई उनले गमछा र पुष्पगुच्छाले स्वागत गरेका हुन् । करिब पाँच सय भारतीय पर्यटक लिएर भारत गौरव पर्यटक रेल बिहीबार दिउँसो जनकपुरधाम आइपुगेको हो । पर्यटकहरूलाई मुख्यमन्त्री राउतले स्वागत गर्दै यसले नेपाल-भारत बीचको सम्बन्धमा नयाँ आयाम थपेको बताए ।

रामायण सर्किटले जनकपुरधामको पर्यटकीय विकासमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास उनले व्यक्त गरे । मुख्यमन्त्री राउतले जनकपुरको प्रचार प्रसार धार्मिक पर्यटकीय स्थलको रूपमा देश विदेशमा गर्नुपर्नेमा जोड दिए । भारत गौरव पर्यटक रेलमा सवार पर्यटकलाई मुख्मयन्त्री राउतसहित उद्योग, पर्यटन तथा वनमन्त्री सत्रुधन महतो, जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साह लगायत जनकपुरका होटेल व्यवसायीहरूले गमछा, पुष्प गुच्छाले स्वागत गरेका थिए ।

धार्मिक पर्यटक बोकेर भारतबाट सिधै जनकपुर आइपुगेको यो पहिलो रेल हो । रेल जनकपुरबाट भारत फर्के पनि पर्यटक भने रात्री विश्राम गरेर आज शुक्रबार फर्किने छन् ।

## तराई–मधेशको भविष्य चुरेसँग गाँसिएको छ : राष्ट्रपति भण्डारी



सिन्धुली । राष्ट्रपति विद्यादेवी भण्डारीले चुरे क्षेत्रको संरक्षण गर्न नसक्दा तराई मधेशको भविष्यनै खतरामा परेको बताएकी छन् ।

सिन्धुलीको दुधौली नगरपालिका-३ स्थित रानीबासमा राष्ट्रपति चुरे-तराई संरक्षण विकास समिति र नेपाली सेनाको श्री नं. १ वन तथा पर्यावरण सुरक्षा गणले संयुक्तरूपमा आयोजना गरेको आठौं चुरे दिवसको अवसरमा वृक्षारोपण कार्यक्रमको शुभारम्भ गर्दै राष्ट्रपति भण्डारीले यस्तो बताएकी हुन् ।

उनले भनिन, 'विभिन्न जातीका वन्यजन्तु, जडिबुटीजन्य वनस्पतिको खानी र तराई मधेस क्षेत्रमा सिचाईंका लागि आवश्यक पर्ने पानीको मुख्य स्रोत समेत चुरेमै छ । यसको समयमा उचित संरक्षण गर्न नसके तराई र भित्री मधेशकै भविष्य खतरामा पर्छ ।' उनले चुरेको संरक्षणका लागि वातावरणीय प्रभाव अध्ययनविना प्राकृतिक स्रोतको उत्खनन् तथा सङकलन नगर्न आग्रह गरिन । चुरे क्षेत्रमा जनसंख्या वृद्धि, बसाइ सराइ, भौतिक पूर्वाधार विकासका कारण सहरीकरण दिन प्रतिदिन बढिरहेको चर्चा गर्दै राष्ट्रपति भण्डारीले यस प्रकारको बृहत्तर वृक्षा रोपण कार्यक्रमले वन क्षेत्रको वृद्धि, जैविक विधिताको संरक्षण, कार्बन संचिति, भूसंरक्षण तथा पानीको स्रोतको वृद्धि गर्न तथा स्थानीय समुदायको जीविको पार्जनको अवसर सिर्जना गर्न मद्दत पुग्ने बताइन् ।

बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले चुरे विनासका अरबौं रूपैयाँ लगाएर बनाएका सडक र पुलमा जोखिममा परेको बताए । चुरे विनासलाई रोक्न नसक्ने हो भने मधेस प्रदेशकै भविष्य खतरामा पर्ने भएकाले डोजर लगाएर सडक बनाउनेलाई मात्र विकास ठान्न नहुने बताए ।

# तत्कालीन नासुमाथि भ्रष्टाचार मुद्दा

काठमाडौं । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अकुत सम्पत्ति आर्जन गरेको आरोपमा जनकपुरका तत्कालीन नायब सुब्बा र उनका परिवारका चार जनाविरूद्ध भ्रष्टाचार आरोपमा मुद्दा दायर गरेको छ ।

अख्तियारले तत्कालीन नासु गणपति झाविरूद्ध करिब साढे २ करोड रूपैयाँ अकुत सम्पत्ति आर्जन गरेको आरोपमा विशेष अदालतमा मुद्दा दायर गरेको हो । २०३९ मंसिर ९ बाट खरिदार (गाविस सचिव)बाट सरकारी सेवा प्रवेश गरेका धनुषा जनकपुरधाम उपमहानगरपालिका-२०, देवपुरा (साविक देवपुरा रूपैठा गाबिस-२) का ५८ वर्षीय गणपतिले २०७८ साउन ३ मा नासु पदबाट अवकाश पाएका थिए । तत्कालीन जिल्ला विकास समिति (जिविस) कार्यालय कैलाली र धनुषा, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, डिभिजन सडक कार्यालय जनकपुर, हेभी इक्विपमेन्ट डिभिजन कार्यालय जनकपुर, गृह मन्त्रालय र अवकाश हुँदा जिल्ला प्रशासन कार्यालय धनुषा गरी ८ स्थानमा कार्यरत झा धनुषा प्रशासनबाटै अनिवार्य अवकाशमा गएका थिए । गणपति सरकारी सेवामा हुँदा सेवाग्राहीबाट घुस माग्नेदेखि निर्माण कार्यमा कमिसन खोज्ने र आफैंले कागज मिलाएर आफन्तका नाममा निर्माण कम्पनी खोल्नेसम्मका काम गरेका थिए । प्रतिवादी बनाइएका गणपति १ वर्षअघि मात्रै जिल्ला प्रशासन कार्यालय धनुषाबाट अनिवार्य अवकाशमा गएका थिए । अख्तियारले सरकारी सेवामा छँदा गैरकानुनी सम्पत्ति कमाएर परिवारका नाममा समेत राखेको कसुरमा पत्नी र तीन छोराविरूद्ध पनि मुद्दा दायर गरेको छ । अख्तियारले गणपति र उनका परिवारविरूद्ध २ करोड ४४ लाख ७१ हजार १ सय ५ रूपैयाँ बराबरको चलअचल सम्पत्तिको बैध स्रोत नखुलेको उल्लेख छ । स्रोत नखुलेको सम्पत्तिलाई नै बिगो कायम एवं बिगो बराबरको जरिवाना र स्रोत नखुलेको सम्पत्ति जफत गर्ने गरी मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता श्यामप्रसाद भण्डारीले बताए । पैतृक सम्पत्ति वापत गणपतिले आफू र छोरा शिवाकरकुमार झाका नाममा धनुषाको देवपुरा रूपैठा २ मा १६ कट्ठा ८ धुर जग्गा देखाएका छन् । अख्तियारले गणपति, पत्नी मीनादेवी झा, तीन छोरा दिवाकर, शिवाकर र करूणाकरसहित सम्पत्ति फिर्ता प्रयोजनका लागि बुहारीहरू क्रमशः प्रिति, प्रतिभा र प्रितिकुमारीमाथि अनुसन्धान गरेको थियो ।

जनकपुरधाम २० मै गणपतिले दुई वटा घर बनाएका छन् । घरजग्गातर्फ उनी र परिवारका नाममा १ करोड १३ लाख २६ हजार ८ सय ७९ रूपैयाँ मूल्य कायम गरिएको छ । अख्तियारका अनुसार हाल परिवारसहित गणपतिले २१ स्थानमा जग्गा खरिद गरेको देखाएका छन् ।

## खोप लगाउन घुम्ती सेवा




जनकपुरधाम । मधेश प्रदेशमा कोरोना भाइरस (कोभिड-१९) विरूद्धको खोपबाट वञ्चित गर्भवती, अपांग र बिरामीहरूका लागि घुम्ती खोप सेवा आरम्भ भएको छ । प्रदेशको ८ जिल्लाका १ सय ३६ स्थानीय तहका लागि ८ मोबाइल टोली घुम्ती खोप सेवाका लागि परिचालन गरिएको छ । अस्ट्रेलियाली सरकारको आर्थिक सहयोग तथा आड्रा नेपालको प्राविधिक सहयोगमा वाग्मती सेवा समाजको सहजीकरणमा खोपको पहुँच बढाउन महिला स्वास्थ्यसम्बन्धी सेवा सुदृढीकरणका लागि परियोजना सञ्चालन गरिएको समाजिक विकास मन्त्रालयका स्वास्थ्य निर्देशक मुक्तिनारायण साहले बताए ।

कोभिड विरूद्धको खोप लगाउनबाट वञ्चित १ लाख व्यक्तिलाई घरमै पुगेर खोप लगाउन घुम्ती खोप सेवा सुरू गरिएको वाग्मती सेवा समाजका अध्यक्ष भरत कार्कीले जानकारी दिए । खोप केन्द्रमा जान नसकेकाहरूलाई पहिलो चरणमा ४ जिल्लाका ३८ हजारभन्दा बढी व्यक्तिलाई खोप लगाइएको उनले बताए । प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले प्रदेशका आठवटै जिल्लामा कोभिड-१९ विरूद्धको खोप सुदृढीकरणको जारी घुम्ती खोप सेवा निरन्तरता दिन आग्रह गरे । परियोजनाअन्तर्गत गर्भवती, सुत्केरी, जेष्ठ नागरिक तथा बिरामीहरूलाई घरघरमै गएर खोप लगाइँदैछ ।

## जचुकालिभित्रै मधेश सरकारको प्रशासनिक स्थायी संरचना बनाउन सिफारिस

जनकपुरधाम । मधेश प्रदेश सरकारको प्रशासनिक भवनको स्थायी संरचना निर्माणका लागि जग्गाको छनोट गरिएको छ ।

मधेश प्रदेशको स्थायी राजधानी जनकपुरधाम घोषणा भएको वर्ष दिन नबित्दै सरकारले प्रशासनिक भवन निर्माण गर्नका लागि जग्गा छनोट गरेको हो ।

प्रदेश सरकारको प्रशासनिक भवन, मन्त्रालय, मुख्यमन्त्री, मन्त्रीहरूको आवासका लागि स्थायी भौतिक संरचना जनकपुर चुरोट कारखाना लिमिटेड (जसलाई अहिले मधेस भवन नामाकरण गरिएको छ) परिसरभित्रै निर्माण गर्न उच्चस्तरीय समितिले प्रतिवेदन तयार गरेको छ ।

जनकपुरधाममा ३५ विघा क्षेत्रफल जग्गामा रहेको जचुकालिको परिसरभित्र नै मधेश प्रदेश सरकारको प्रशासनिक भवन, विभिन्न मन्त्रालयहरूको भवन, मुख्यमन्त्री निवास, सचिवालय, मन्त्रीहरूको निवास निर्माण गर्न सकिने गरी समितिले प्रतिवेदन तयार गरेको छ ।




प्रदेश सरकारले भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादवको संयोजकत्वमा जग्गा चयनका लागि सुझाव दिन उच्चस्तरीय समिति गठन गरेको थियो । समितिले प्रदेश सरकारका विभिन्न स्थायी भौतिक संरचना निर्माणका लागि प्रदेशको राजधानी क्षेत्रमा पर्ने विभिन्न सार्वजनिक जग्गाहरूको तथ्याङ्क धनुषा र महोत्तरीका मालपोत तथा नापी कार्यालयसँग लिएर जग्गाको अवस्थाबारे अध्ययन गरेको थियो ।

ती जग्गाहरूमध्ये प्रदेश सरकारको प्रशासनिक तथा मन्त्रालयहरूको भवनको निर्माणको वातावरण तथा विभिन्न सुविधाको दृष्टिकोणले हाल रहेको जनकपुर चुरोट कारखानाको जग्गा उपयुक्त रहेकाले ती जग्गा नै सिफारिस गरिएको समितिका संयोजक रहेका भौतिक पूर्वाधार विकासमन्त्री यादवले बताए ।

जचुकालि परिसरलाई मधेश प्रदेश सरकारले 'मधेस भवन' घोषणा गरिसकेको छ । हाल त्यसभित्र प्रदेश प्रमुखको आवास र कार्यालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बाहेकका सबै मन्त्रालय, मन्त्रीहरूका आवास, मुख्यमन्त्रीको आवास र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सचिवहरूको आवास, अधिकृतहरूको आवासलगायत छन् ।

## सम्पादकीय

# नयाँ जनप्रतिनिधि र नयाँ दायित्व

बैशाख ३० मा सम्पन्न दोस्रो स्थानीय तह निर्वाचनबाट प्रत्येक पालिकाहरूमा नयाँ जनप्रतिनिधि निर्वाचित भएर स्थानीय जिम्मेवारी सम्हालि सकेका छन् । स्थानीय निर्वाचनमा जितेका वडा सदस्य, अध्यक्ष, मेयर र उपमेयर चुनिएका छन् ।

स्थानीय निर्वाचनले दलभित्रको आन्तरिक अनुशासन र वंशवादबाट मुक्ति खोजिरहेको भान हुन्छ। लोकतान्त्रिक पद्धतिमा आर्थिक प्रतिस्पर्धाको खेल चल्न थाल्यो भने गरिब मानिसले कहिल्यै प्रतिनिधित्व गर्न पाउँदैनन् ।

चुनौतीका बीच स्थानीय तहले कुशलतापूर्वक संस्थागत र संरचनागत व्यवस्थाको जग हालिदिएका छन् । विकास निर्माण एवं आर्थिक सामाजिक रूपान्तरणका क्षेत्रमा केही काम भए पनि उल्लेख्य रूपमा कार्यान्वयन तथा नतिजा प्राप्त भइसकेको छैन। यसैको आधारशीला एवं जगमा जुन अवस्थामा छ त्यहीँबाट नवनिर्वाचित जनप्रतिनिधिले बहाल भएकै दिनदेखि कार्ययोजना बनाई कार्यान्वयनमा जानु उपयुक्त हुन्छ। अधुरा र अपूरा योजना पूरा गर्नुपर्छ भने आर्थिक सामाजिक रूपान्तरणका रचनात्मक योजनाको पहिचान र प्राथमिकीकरण, स्रोत परिचालन, बृहत् पूर्वाधार निर्माणका लागि वित्तीय कार्ययोजनाका आधारमा कार्यान्वयनमा जानु उपयुक्त हुनेछ।

स्थानीय तहका प्राथमिकता केही परिवर्तन भएका छन् भने केही प्राथमिकतामा रहेर पनि कार्यान्वयन हुन नसकेका योजना छन् । नागरिकका अनेकौँ आवश्यकता र अपेक्षा छन् तर आर्थिक स्रोत र जनशक्ति सीमित छन्। सीमित साधन र स्रोतबाट असीमित आवश्यकता र अपेक्षा पूरा गर्नुपर्नेछ। नवनिर्वाचित जनप्रतिनिधिको मुख्य काम भनेको स्रोत परिचालन र पुँजी निर्माण नै हो। पुँजी

स्थानीय तहको विद्यमान स्रोत साधन, जनशक्ति, अत्यधिक लागत र एकल जोखिम जस्ता कारणले बढ्दो विकेन्द्रीकरणका माग सम्बोधन गर्न सक्ने अवस्था देखिँदैन । सेवा प्रवाहमा प्रभावकारिता र गुणस्तर, दिगो विकास तथा समान समस्याका लागि पालिकाहरू पारस्परिक लाभका क्षेत्र, समान सवाल, बृहत् पूर्वाधार, विपत् तथा वातावरण संरक्षणसँग सम्बन्धित योजना तथा परियोजनाका लागि पालिकाहरू आफ्नो परिधिबाट बाहिर निस्किएर आसपासका पालिकासँग समन्वय र सहकार्य गर्नु उचित विकल्प हो ।

निर्माणको मूल आधार स्थानीय आर्थिक विकास र अन्तरपालिका सहकार्य हो जसबाट आर्थिक सामाजिक रूपान्तरण सम्भव छ।

पालिका सभा र कार्यपालिका सम्बन्धमा नवनिर्वाचित जनप्रतिनिधिले सर्वप्रथम स्थानीय सरकारका काम कर्तव्य अधिकारका बारेमा जानकारी लिनु उपयुक्त हुन्छ। स्थानीय तहले सम्पादन गर्ने सेवा प्रवाहका क्षेत्रमा समयानुकूल सूचना प्रविधिमैत्री र छिटोछरितो एवं असल शासन प्रणालीमा सेवा प्रवाह गर्नुपर्छ। यसका लागि विशेष गरी वडा कार्यालयलाई स्रोत-साधनसहित जिम्मेवार बनाउनुका साथै वडा तहका काम वडा समितिमा हस्तान्तरण गर्नुपर्छ। वडाध्यक्ष एवं वडा समितिको काम, कर्तव्य र अधिकारका बारेमा पूर्ण जानकारी गराउने, वडाध्यक्ष एवं वडासचिवलाई वडा कार्यालयबाट हुने सिफारिस तथा प्रमाणीकरणका विषयमा विधि र प्रक्रियामा क्षमता विकास गर्ने तथा कागजातको अभिलेखीकरणमा पूर्ण जिम्मेवार बनाउनुपर्छ ।

सङ्घीय र प्रदेशको आवधिक योजनासँग स्थानीय तहलाई कार्यान्वयन तथा नतिजाको तहमा जोड्ने भनेकै स्थानीय तहको आवधिक योजनाले हो। सङ्घीय र प्रदेश सरकारको बजेटसँग आबद्धता गर्दै कार्यान्वयन र नतिजाको तहमा जोड्ने भनेकै वित्तीय सङ्घीयताको मूल संयन्त्र स्थानीय तहको मध्यमकालीन खर्च संरचनाले हो। जुन स्थानीय तहले पहिलो वर्षदेखि नै कार्यान्वयनमा ल्याउनुपर्ने थियो। वर्तमान अवस्थासम्म पनि केही स्थानीय तहसँग आवधिक योजना र मध्यमकालीन खर्च संरचना छैन, भएकासँग पनि सङ्घीय र प्रदेश आवधिक योजना तथा मध्यमकालीन खर्च संरचनासँग तारतम्यता मिलाइएको छैन। स्थानीय तहको विद्यमान स्रोत साधन, जनशक्ति, अत्यधिक लागत र एकल जोखिम जस्ता कारणले बढ्दो विकेन्द्रीकरणका माग सम्बोधन गर्न सक्ने अवस्था देखिँदैन । सेवा प्रवाहमा प्रभावकारिता र गुणस्तर, दिगो विकास तथा समान समस्याका लागि पालिकाहरू पारस्परिक लाभका क्षेत्र, समान सवाल, बृहत् पूर्वाधार, विपत् तथा वातावरण संरक्षणसँग सम्बन्धित योजना तथा परियोजनाका लागि पालिकाहरू आफ्नो परिधिबाट बाहिर निस्किएर आसपासका पालिकासँग समन्वय र सहकार्य गर्नु उचित विकल्प हो ।

फलस्वरूप पालिकाहरू एकीकृत र दिगो विकासतर्फ उन्मुख हुनुले नागरिकको विकासप्रतिको अपेक्षासमेत सम्बोधन गर्न सकिनेछ। अन्तरपालिका सहकार्यका क्षेत्रमा फोहरमैला व्यवस्थापन, पर्यटन विकास, जलविद्युत् तथा नवीकरणीय ऊर्जा, वातावरण संरक्षण, विपत्को पूर्वतयारी तथा व्यवस्थापन, यातायात प्रणाली, प्रदूषण नियन्त्रण, सुरक्षा, सूचना प्रविधि पूर्वाधार, अध्ययन अनुसन्धान, एकल अधिकारका विषयमा निर्माण गर्नुपर्ने कानुन, नीति रणनीति जस्ता सफ्टवेयर कार्यक्रमदेखि ठूला पूर्वाधार, भौतिक निर्माणका उपकरण, औजार तथा साधन स्रोतहरूको प्रयोगमा समेत सहकार्य गर्दै सामूहिक लगानीमा गर्न सके थोरै लगानी तथा साधन स्रोतबाट धेरै फाइदा लिन सकिन्छ।

# वैकल्पिक शक्ति निर्माणका चुनौतीहरू

**विचार-विश्लेषण** भाग-१३९



उपेन्द्र झा

कूटनीतिक असन्तुलनका कारण देशको भित्र र बाहिरको सुरक्षा व्यवस्था खलबलिएको छ । अमेरिका र चीनको तनावपूर्ण स्थिति नेपालमा घनीभूत रूपमा देखिएको छ । देशको परनिर्भरता निर्वाध बढ्दै गएको छ । आकाशिएको महँगी तथा करको भारले अवसरहीन जनता तनावपूर्ण अवस्थामा रहेको छ ।

अहिले राजनीतिक वृतमा राजनीतिक वैकल्पिक शक्ति निर्माणको होडवाजी चलेको छ । कतिपय स्थानीय चुनावलाई लक्षित गरेर नयाँ पार्टी बनाए र केही सीट जितेर अस्तित्वमा पनि आएका छन् । अहिले न्यूज २४ टि.भी संचालक रवि लामिछानेले मंगलवार हजारौं आफ्ना समर्थकबीच राष्ट्रिय सभागृहमा बढो तामझामका साथ आफ्नो नेतृत्वमा राष्ट्रिय स्वतन्त्र पार्टी घोषणा गरेका हुन् । यसरी शीर्ष ५ पार्टीसंगै १ सय २५ भन्दा बढि पार्टी देशमा सुशासन ल्याउन र देशलाई समृद्ध बनाउन राजनीतिक प्रतिस्पर्धामा होमिएका छन् ।

नेपाली काँग्रेस, नेकपा एमाले र विभाजित माओवादी पार्टीको विकल्पमा राष्ट्रिय पार्टी निर्माणका लागि बडो जोश, जाँगर र उत्साहका साथ बाबुराम भट्टराईले खडा गरेको नयाँशक्ति पार्टी ०७४ को चुनावमा आफूबाहेक एउटा पनि सीट जित्न पाएन । पार्टीले राजनीतिक प्रतिष्ठा स्थापित गर्न नसकेर बाबुराम भट्टराईका अनेक सहकर्मीहरू मातृ पार्टीमा फर्किए । बाबुराम अनाथ जस्तै भएर अन्ततः उपेन्द्र यादबको पार्टीसंग एकीकृत भए । समान स्वार्थ र महत्वाकाँक्षाको टकराहटमा उकुसमुकुसको स्थितिमा लामो समयदेखि वैचेन बाबुराम भट्टराई मधेशी साँसद र केन्द्रीय सदस्यको भए बहुमत नभए ४० प्रतिशतको संख्या लिएर आफ्नो नेतृत्वमा अलग पार्टी घोषणा गर्न ठीक पारेका छन् । यो सुनौलो अवसर मधेशी साँसदहरूले जुराई दिएका छन् ।

स्थानीय चुनावमा शहरी क्षेत्रका सचेत मतदाताले बाहुबली पार्टीहरूको बलियो उपस्थितिका बावजूद स्वतन्त्र व्यक्तिलाई मत दिएर आफ्ना वितृष्णा पोखेका छन् । देशभरि ठूलो संगठन र सघन नेटवर्क भएको पार्टीहरूले बाटो विराए, देशलाई संचालन गर्न सकेन । स्वार्थ प्रतिस्पर्धामा लागेर देशमा आर्थिक, सामाजिक, राजनीतिक, कूटनीतिक अराजकता ल्याएर देशलाई संकटमा धकेल्यो, मतपत्रबाट जनताले ठूला पार्टीलाई यही सन्देश दिन खोजेको हो । यसलाई राष्ट्रिय मुद्दा बनाएर नव अवसरवादीहरू सत्तामा छिर्ने प्रयासमा नयाँ वैकल्पिक शक्ति निर्माणका कुरा गर्दै छन् । जनताको वितृष्णालाई आधार बनाएर पार्टी निर्माण गरेकाहरू बाबुराम भट्टराई, रविन्द्र मिश्र, उज्ज्वल थापाहरूको के हविगत भयो । एक सीट पनि जित्न नसकेर पार्टी विरामावस्थामा पुग्यो ।

चुनावको बेला अवसरवादीहरूको जमात लिएर काठमाण्डौंमा घोषणा हुने पार्टीहरूले राजनीतिक बृतको खेलमा सहभागि हुन ४, ५ बटा सीट पनि चुनावमा ल्याउन सकेन भने त्यो पार्टीको कुनै भविष्य हुँदैन । घोषित पार्टीहरूको राजनीतिक धरातलमा संगठन हुँदैन, अवसर न पाएर अवसरवादीहरू छोडेर जान्छन् । त्यसपछि पार्टीमा गुट, उपगुट बन्न थाल्छ र पार्टीको भविष्यमाथि प्रश्नचिन्ह खडा हुन्छ ।

स्थानीय चुनावमा शहरी मतदाताहरूले ४ बटा स्वतन्त्र जिताएर शीर्ष दलहरूलाई सच्चिन संकेत गरेका हुन् । शीर्ष दलहरू आउट अफ ट्र्याकमा छन् । आफ्नो जिम्मेवारी बोध गराउन मतदाताहरूले त्यसरी स्वतन्त्रलाई ल्याएर आक्रोश पोखेका हुन् । राज्यसत्ता संचालकको रूपमा जिम्मेवारी वहन गर्ने जनादेश पाएका व्यक्तिहरू देश र जनताप्रति कुनै माया नहुनु दुर्भाग्यपूर्ण कुरा हो । देशलाई संकटपूर्ण अवस्थामा पुऱ्याउने यही तीन दल हो, तर पनि यिनमा आत्मआलोचना छैन । सउबैले एक अर्कामाथि दोषारोपण गर्ने प्रयासमा छन् । आफू ठीक र अरू सबै बेठीक सोच राख्ने नेताहरू आफ्नो कार्यकर्ताको नजरमा देउता होला, देशको नजरमा कुपात्र नै ठहरिन्छ ।

आमूल परिवर्तन गर्ने दावाका साथ आएका माओवादी राज्यसत्तामा आमूल परिवर्तन त गर्न सकेन, आफै रूपान्तरित भएर यथास्थितिमा पुगे । यथास्थितिके व्यथा बोक्न नसकेर माओवादी पार्टी छिन्नभिन्न भयो । माओवादीको यस्तो हविगत किन भयो यसको हजारौं कारण होला तर मुख्य कारण भने राज्यसत्ता नै हो । जतिसुकै क्रान्तिकारी विचार राखेपनि, बलिदानी संघर्ष उठाएर आएपनि सत्ता समक्ष आत्मसमर्पण गर्ने प्रथा नै चलेको छ ।

मधेशी, जनजाती, थारू, दलित, महिला, मुश्लिम आदि अधिकारका लागि जोसुकै संघर्ष वार्तामा टुँगिएको छ र केही माँगहरू (राज्यसत्तालाई बढि क्षति पुऱ्याउन नसक्ने) पूरा गरि बाँकी सबै माँगहरू रद्दीको टोकरीमा फालिएका छन् । अधिकार माग्ने दलहरू आफ्नो माँग छाडेर राज्यसत्ताको सुख सुविधा भोग्न रमाए । अधिकारवादी पार्टीहरूको वैचारिक विचलनका कारण उसको लोकप्रियता बढ्नुको सट्टा क्षयीकरणमा पुग्यो । आन्दोलनबाट अर्जित राजनीतिक प्रतिष्ठा शनैःशनैः कम हुँदै पार्टीको अस्तित्वमाथि प्रश्न खडा गरि दिएको छ ।

क्षेत्रीय पार्टीको रूपमा उदाएका जसपा जातीवादी पार्टीमा रूपान्तरित भएर राजनीतिक प्रतिष्ठा बढाएको कि घटाएको विचारणीय कुरा त छँदैछ, जातीवादी साख पनि बचाएर राख्न सकेन । सुनिन्छ यादब साँसदहरू विरक्तिएर बाबुराम भट्टराईलाई पार्टी फोड्न सहयोग गर्दैछन् । अधिकारवादी पार्टीहरूको यसरी क्षयीकारण राम्रो कुरा त होईन, तर यसका संचालकहरूलाई भएको नारदमोह पनि क्षयीकरणका दोश्रा कारण हुन् । जसपामा पार्टी विभाजनको पीडा, लोसपामा चार नेताबीचको अन्तर्द्वन्द्वले राजनीतिक साख घटेर पार्टीको प्रतिष्ठालाई पनि घटाएको छ । आज फेरि जसपा लोसपासंग सहकार्य गर्न एकीकरण खाज्दैछ ।


यी त भए साना पार्टीको दुर्दशा । ठूला पार्टीहरूको पनि समीक्षा गरौं । नेपाली काँग्रेस पनि कुनै बेला बहुमत पाएर फुटेको थियो । बहुमत ल्याएर देशको लागि निर्बाध काम गर्न खोज्दा नेपाली काँग्रेस पार्टी फुट्नुलाई संयोग भन्नेहरूको भ्रमलाई बहुमत ल्याएको एमाले फुटेर तोडी दिएका छन् । जतिसुकै सीट आएपनि आफ्नो मौलिक अधिकार केही नरहेको, अदृश्य शक्तिको गुलाम भएर राजनीति गर्नेले देश र जनताको लागि केही गर्न नसक्ने साबित गरि दिएका छन् । शक्तिकेन्द्रको प्यादाको रूपमा संचालित यी शीर्ष दलको यो अवस्था छ भने परिवर्तन चाहने साना दलहरूको के महत्व ?

कूटनीतिक असन्तुलनका कारण देशको भित्र र बाहिरको सुरक्षा व्यवस्था खलबलिएको छ । अमेरिका र चीनको तनावपूर्ण स्थिति नेपालमा घनीभूत रूपमा देखिएको छ । देशको परनिर्भरता निर्वाध बढ्दै गएको छ । आकाशिएको महँगी तथा करको भारले अवसरहीन जनता तनावपूर्ण अवस्थामा रहेको छ । खर्च धान्न नसक्ने जनताको आक्रोश श्रीलंकाली सरकारलाई ध्वस्त गरेजस्तै यहाँ पनि नफुट्ला भन्न सकिदैन ।

janukjha24@gmail.com

# अपराध नियन्त्रण गर्न नेपाल-भारत सहमत

काठमाडौं । नेपाल र भारतबीच सात वर्षपछि भएको सीमा व्यवस्थापनसम्बन्धी संयुक्त कार्यदलको बैठक अपराध नियन्त्रणमै केन्द्रित भएको छ। नयाँ दिल्लीमा गत हप्ता भएको बैठकमा सीमा क्षेत्रमा हुने अपराध रोक्न दुवैतर्फका सुरक्षा संयन्त्रलाई सक्रिय बनाउने, सूचना आदानप्रदान बढाउने, स्थानीय तहमा समन्वय बढाउने विषयमा छलफल भएको हो।



बैठकमा सहभागी नेपाल पक्षका एक अधिकारीका अनुसार खुला सीमामा तेस्रो मुलुकका व्यक्तिको अवैधानिक आउजाउलाई कडाइका साथ रोक्ने र नक्कली नोट, अवैध तरिकाले मानव तस्करी, लागूऔषध ओसारपसार वा हातहतियारको ओसारपसार हुन नदिन दुवैतर्फका सुरक्षा निकायले कडाइ गर्ने सहमति भएको छ। साना हातहतियार ओसारपसार रोक्न शंकास्पद व्यक्तिमाथि जाँच बढाउने, त्यस्ता कार्यमा संलग्नको पहिचान गरी कारबाही गर्ने विषयमा पनि छलफल भएको थियो।

बैठकमा नेपालबाट गृह मन्त्रालयका सहसचिव फणीन्द्रमणि पोखरेलले र भारतबाट गृह मन्त्रालयअन्तर्गत सीमा व्यवस्थापन विभागका प्रमुख सहसचिव आशिष कुमारले नेतृत्व गरेका थिए। नेपालबाट कानुन मन्त्रालयका सहसचिव, अध्यागमन र नापी विभागका महानिर्देशक तथा नेपाली दूतावासका उपप्रमुख, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानका अधिकारीसहित १४ जना थिए।

हरेक वर्ष बस्ने भनिएको बैठक सन् २०१५ यता भएको थिएन। यसअघिको ११ औं बैठक नेपालमा भएको थियो। संविधान जारीपछिको भारतसँगको असहज स्थिति, सीमा विवाद, कोभिडलगायतका कारणले बैठक बस्न सकेको थिएन।

सहसचिव पोखरेलले सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि नियन्त्रण, सीमा व्यवस्थापन तथा सर्वसाधारणलाई आइपर्ने समस्याजस्ता विषयमा दुईपक्षीय कुराकानी भएको जानकारी दिए। उनका अनुसार हराएका र भत्किएका सीमास्तम्भको निर्माण तथा मर्मत, सीमा अतिक्रमण गरेर एक-अर्को देशमा भएको बसोबास, सवारीसाधनको सीमा वारपारजस्ता विषयमा पनि छलफल भएको थियो। सीमावर्ती क्षेत्रमा संयुक्त भन्सार पोस्ट, रेलमार्ग, सडकलगायतका निर्माण कार्यलाई गति दिने र क्षमता बढाउने विषयमा पनि छलफल भएको छ। भारतले गृह मन्त्रालय, नेपाल प्रहरी र सशस्त्र प्रहरीको क्षमता अभिवृद्धिमा सघाउने प्रतिबद्धतासमेत व्यक्त गरेको छ।

# मधेशमा पार्टीभित्रै अन्तर्घात भयो

मधेश प्रदेशमा माओवादी केन्द्रलाई अलि कति सुदृढ गर्नुपर्ने छ । पार्टीभित्रका अन्तर्विरोधहरूलाई नेतृत्वले समायोजन गर्नुपर्ने अवस्था छ । नेताहरू आ-आफ्नै हिसावले हिंड्ने प्रवृत्तिलाई निरूत्साहित गर्नुपर्ने छ । हाम्रा पार्टीका नेतृत्वपंक्तिमा रहेका नेताहरूले यी कुराहरूलाई ध्यान पुऱ्याएर दोस्रो तहका नेताहरूलाई सन्तुलित गर्ने, एकआपसमा सामञ्जस्यता ल्याउनुपर्ने स्थितिको सिर्जना गर्नुपर्ने पार्टीलाई चुनौती छ ।



## रामसिंह यादव
**केन्द्रीय सदस्य, नेकपा (माओवादी केन्द्र)**

**० स्थानीय तहको निर्वाचनमा मधेश प्रदेशमा माओवादी केन्द्रको अवस्थालाई कसरी हेर्नुभएको छ ?**

– स्थानीय तहको निर्वाचनमा राष्ट्रियस्तरमा माओवादी केन्द्रको अवस्था उत्साहजनक नै रहेको छ तर, मधेश प्रदेशमा हामीले त्यति राम्रो परिणाम ल्याउन सकेनौं । विगतको भन्दा यस पटकको चुनावमा हामी अलि खस्केका छौं । यो कुरालाई हामीले स्वीकार गर्नुपर्छ । यसका विभिन्न कारणहरू छन् । यसको प्रमुख कारण पार्टीभित्रको अन्तर्विरोध, अन्तर्कलह, नेताहरूले आफ्नो ध्यानलाई चुनावकेन्द्रित गर्न सकेनन् । माओवादी केन्द्रका मधेशका नेताहरू आ-आफैमा विभाजित रहे र चुनावमा त्यति सक्रियपूर्वक भूमिका निर्वाह गर्न सकेनन् । जसले गर्दा स्थानीय चुनावमा मधेशको नतिजा माओवादी केन्द्रको हकमा राम्रो आएको छैन ।

**० मधेश प्रदेशबाट माओवादी केन्द्र आफ्नो पकड गुमाउँदैछ ?**

– माओवादीले मधेश प्रदेशबाट आफ्नो पकड गुमाउँदैछ भन्ने अर्थमा लिन मिल्दैन । अन्य दलभन्दा पनि माओवादीप्रति जनताको आस्था र विश्वास छ । प्राविधिक कारण, उम्मेद्वार छनौटका कुराहरू, पार्टीभित्र नेताहरूको सन्तुलित व्यवहार नभएकोले अहिले यस्तो नतिजा आएको हो । समग्रमा मधेशमा पार्टी खस्किँदो अवस्थामा छैन । किनकि मधेशी जनताले माओवादीप्रति आशा राखेको छ । माओवादीले नै मधेशी लगायत उत्पीडनमा परेका जनताको मुद्दालाई उठान गरेको छ ।

**० अब फेरि प्रदेश र संघको चुनाव आउँदैछ, के-के कुरा सुधार गर्नुपर्ने हो ?**

– खासगरी मधेश प्रदेशमा माओवादी केन्द्रलाई अलि कति सुदृढ गर्नुपर्ने छ । पार्टीभित्रका अन्तर्विरोधहरूलाई नेतृत्वले समायोजन गर्नुपर्ने अवस्था छ । नेताहरू आ-आफ्नै हिसावले हिंड्ने प्रवृत्तिलाई निरूत्साहित गर्नुपर्ने छ । हाम्रा पार्टीका नेतृत्वपंक्तिमा रहेका नेताहरूले यी कुराहरूलाई ध्यान पुऱ्याएर दोस्रो तहका नेताहरूलाई सन्तुलित गर्ने, एकआपसमा सामञ्जस्यता ल्याउनुपर्ने स्थितिको सिर्जना गर्नुपर्ने पार्टीलाई चुनौती छ । ती कुराहरूलाई ध्यान पुऱ्याएर गयो भने आगामी चुनावहरूमा राम्रो परिणाम ल्याउन सकिन्छ । मधेश प्रदेशका जनता आशावादी छन् ।

**० भनेपछि, पार्टीभित्रको घातअन्तर्घातका कारण माओवादीले मधेशमा राम्रो परिणाम ल्याउन सकेन ?**

– पार्टीभित्रका नेताहरूको एक आपसमा विचार मिलेन, सक्रियरूपले आफ्नो भूमिका निर्वाह गर्न सकेन जसले गर्दा अन्तर्घात भयो भन्न सकिन्छ । पार्टीभित्रको अन्तर्घातकै कारण यस्तो स्थिति आएको हो । यी कुराहरूलाई आगामी चुनावमा ध्यान दिनुपर्ने आवश्यकता छ । पार्टीका नेताहरूले उम्मेद्वार चयन गर्दा विशेष ध्यान पुऱ्याउनुपर्ने हो ।

**० माओवादीका अध्यक्ष प्रचण्ड मधेशमा जाँदा मधेशसँग लभ परेको भन्नुहुन्छ, तर त्यो कुरा व्यवहारमा देखिँदैन नि ?**

– अध्यक्ष प्रचण्डले मधेशसँग लभ परेको कुरा भन्नु सार्थक हो । किनभने नेपालले अहिले प्राप्त गरेका उपलब्धिहरू गणतन्त्र, कानूनी राज्य, संघीयता, समानुपातिक समावेशिता छन् । यसले के देखाउँछ भने मधेशीलगायत पिछडिएका, उत्पीडनमा परेका जनताप्रति माओवादी केन्द्रको ठूलो भूमिका रहेको छ । यी उपलब्धिहरू ल्याउन माओवादीकै विशेष भूमिका रहेको छ । यो कुरा जनताले बुझेका छन् । त्यसकारण उपलब्धिहरूलाई हेर्दा समग्र नेपाली जनताप्रति नै माओवादी पार्टीले माया गरेको देखिन्छ ।

**० तर, माओवादी एउटा क्रान्तिकारी र परिवर्तनकारी शक्तिको रूपमा आएको थियो । व्यवहारतः कांग्रेस, एमालेभन्दा भिन्न देखिएन नि ?**

– अहिले नेकपा माओवादी केन्द्र विभिन्न विचारधाराका पार्टीहरूको गठजोरमा छ । गठबन्धनको सरकारमा माओवादी रहेको छ र यो गठबन्धनको निर्माण एउटा विशेष परिस्थितिवश जन्मिएको हो । यो गठबन्धनले माओवादीको विचार र नीतिअनुसार काम गरेको छैन । त्यसकारणले माओवादी आफ्नो विचार र नीतिअनुसार काम गर्न सक्ने स्थिति छैन । जसले गर्दा त्यस खालका प्रगतिशील योजना र कामहरू नभइरहेको छ । जसबाट जनताले कांग्रेस, एमालेभन्दा माओवादी फरक देखिएन भन्न सकिन्छ । त्यसकारणले जनताले माओवादीप्रति राखेको आशाअनुसार उपलब्धि नभएको हो ।

**० माओवादी अध्यक्ष प्रधानमन्त्री हुँदा मधेश/थरूहट आन्दोलनका क्रममा भएका घटनाहरूको छानबिनका लागि जाँचबुझ आयोग बनाएको थियो, त्यसको प्रतिवेदन सार्वजनिकका लागि उहाँको कुनै पहल देखिएको छैन ?**

– लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने र सांसद रेशम लाल चौधरीलाई रिहा गर्नुपर्ने कुरामा माओवादी केन्द्रको फरक मत छैन । मधेश/थरूहट आन्दोलनका क्रममा भएका घटना र लगाइएका मुद्दाहरू राजनीतिक मुद्दा हो । यस विषयमा सरकारले आफ्नो दायित्व निर्वाह गर्नुपर्ने हो । माओवादीले यो राजनीतिक मुद्दा हो, यसलाई समाधान गर्नुपर्छ भन्ने कुरा पटक-पटक राखेकै हो । यो राजनीतिक मुद्दा भएकोले सरकारले एउटा उचित निकास दिने कुरामा माओवादी केन्द्रले चासो देखाएको छ ।

**० अहिले पनि माओवादी केन्द्र यो गठबन्धन सरकारको एउटा प्रमुख घटक दल हो, दल लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्ने कुरामा प्रयास देखिएको छैन नि ?**

– लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने कुरामा माओवादी केन्द्र स्पष्ट छ । किनभने माओवादीकै नेतृत्वमा सरकार हुँदा सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लालको अध्यक्षतामा जाँचबुझ आयोग गठन भएको थियो । माओवादी नेतृत्वको सरकारले छानबिनका लागि आयोग गठन गर्नुलाई सकारात्मक रूपमा लिऔं । जसले यो समस्याको समाधान होस् भन्ने चाहन्छ, उसले नै आयोग गठन गर्छ । आयोगले आफ्नो रिपोर्ट बुझाइसकेको छ । मैले अघि पनि भने कि यो गठबन्धनको सरकार हो । विभिन्न विचारधाराका पार्टीहरू यसमा सम्मिलित छन्, माओवादीले मात्रै चाहेर यो समस्या समाधान हुँदैन । तर माओवादी निरन्तर प्रयासमा छ । लाल आयोगको प्रतिवेदन सार्वजनिक हुनुपर्छ र आयोगको प्रतिवेदनअनुसार कामकारबाही अगाडि बढाउनुपर्ने सरकारको दायित्व हो ।

**० भनेपछि, लाल आयोग सार्वजनिक गर्न गठबन्धनका अन्य दलहरू सकारात्मक छैन ?**

– गठबन्धन सरकारको नेतृत्वकर्ता नेपाली कांग्रेस हो, कांग्रेस पनि बाधक हो जस्तो लाग्दैन । किनभने कांग्रेसका नेताहरू बाहिर बोल्दा सकारात्मक कुरा नै गर्नुहुन्छ । गठबन्धनका अन्य दलहरूले यसलाई प्राथमिकता दिएर अलि छिटो प्रयास गरिदिएको भए हुन्थ्यो । सार्वजनिक गर्ने कुरामा अलिकति ढिलाई देखिएको हो ।

**० आगामी चुनावमा माओवादी केन्द्र यही गठबन्धनसँग चुनावमा जानुपर्छ कि वाम गठबन्धनको पक्षमा छ ?**

– अहिलेसम्म पार्टीको धारणा भनेको यहीं गठबन्धनलाई आगामी चुनावसम्म निरन्तरता दिने । तर मेरो व्यक्तिगत विचार भनेको यो गठबन्धन एकखालको परिस्थितिको आवश्यकता थियो । त्यो कोर्स समाप्त भएको छ । तर अहिले म कम्युनिष्ट पार्टीको एउटा कार्यकर्ताको नाताले त्यो कोर्स समाप्त भएपछि आगामी चुनावमा प्रगतिशील गठबन्धन अर्थात् वाम गठबन्धनको आवश्यकता छ । वाम गठबन्धनले मात्रै यो देशलाई समृद्ध बनाउन सक्छ । यो कुरा नेपाली जनतालाई पनि अनुभूति भएको छ । त्यसकारण अब वाम गठबन्धनको आवश्यकता छ ।

**० नेकपा एमाले वा दलसँग वाम गठबन्धन हुनुपर्ने हो ?**

– एमालेले गरेका कमी कमजोरीहरूलाई सुधार गरेर जाने प्रतिबद्धता जाहेर गऱ्यो भने एमालेसहित अन्य प्रगतिशील पार्टीहरूबीच वाम गठबन्धन हुनसक्छ ।

**० तर एमाले अध्यक्ष केपी शर्मा ओलीले कमी कमजोरी तपाईंहरूको तर्फबाट भएको भन्नुहुन्छ, तपाईंहरूमाथि विभिन्न आरोपहरू लगाउनुहुन्छ नि ?**

– आफूले गरेको कमी कमजोरीलाई स्वीकार गर्नुपर्ने स्थितिमा एमाले गइसकेको छ । किनकि एमालेका शीर्ष नेताहरूको भनाइ र गराइलाई हामीले महसुस गरिरहेका छौं कि गल्ती त दुवै पक्षबाट हुन्छ । वाम गठबन्धन हुँदा गत निर्वाचनमा करिब दुई तिहाइको मतको संघमा सरकार, ६ प्रदेशमा सरकार बनेको थियो । पछि हामीले नेकपा नै निर्माण गरेका थियौं । नेपाली जनताले कम्युनिष्टलाई विश्वास गरेका थिए । तर, नेताहरू सहिष्णु भएनन् । 'आफ्नो गोरूको बाह्रै टक्का' भन्नेझैं एक आपसमा विवाद गरे, टुक्रा-टुक्रामा विभाजित भए । कम्युनिष्टहरू कमजोर भएका छन् । यसमा प्रमुखरूपले गल्ती भन्ने हो नेतृत्वको हो र त्यतिखेरको नेतृत्व एमालेले गरेको थियो । ती कुराहरूमा एमालेले सच्याउने हो भने त्यतिखेरको अभिभावकत्व एमालेकै थियो । अभिभावकले अलिकति नरमपना नदेखाएकोले कम्युनिष्ट आन्दोलनले ठूलो क्षति व्यहोऱ्यो । त्यसलाई समीक्षा गरेर आगामी चुनावमा वाम गठबन्धन गरियो भने फेरि जनताले विश्वास गर्नेछन् । आमजनता, शुभचिन्तक र कार्यकर्ताहरूको धारणा पनि यही रहेको छ ।

**० अर्कोतिर माधव नेपाल, बाबुराम-उपेन्द्र र प्रचण्ड नेतृत्वसहितको समाजवादी केन्द्रको पनि चर्चा चलिरहेको छ नि ?**

– यो बाहिरी चर्चा होला, अहिले आधिकारिकरूपले पार्टीभित्र त्यस्ता कुराहरू आइसकेको छैन । त्यस्तो आएको खण्डमा समाजवादी केन्द्र बनाउनु उचित नै होला । किनभने माओवादी आफैमा एउटा प्रगतिशील पार्टी हो । मधेशवादीभित्र उपेन्द्र यादवको पार्टी पनि एउटा आन्दोलनबाट आएको पार्टी हो । माधव नेपालजी पनि कम्युनिष्ट आन्दोलनकै नेता हुनुहुन्छ । त्यसकारणले यी सबै प्रगतिशील विचारधारा कै नेताहरू हुनुहुन्छ । समय-बेलामा यता-उता चिप्लेको होला । तर समग्रमा हेर्दा कम्युनिष्ट आन्दोलनमा उहाँहरूको अहम् भूमिका रहेकोले सबै एक ठाउँमा आयो भने सकारात्मक हुन्छ ।

---

# लोसपामा पैसाको बोलबाला



## रम्भा मिश्रा
**नेतृ**

पार्टीले केही घण्टाअघिसम्म टिकट निश्चित छ भनेर भनेको थियो । तर, अन्तिम समयमा लिएको निर्णयको परिणाम उहाँहरूले भोग्दै छन् । पार्टीमा पैसाको बोलबाला हुन्छ । आफ्नो नातावाद कृपावादको बोलबाला हुन्छ । त्यसमा म शायद पर्दिनँ ।

**० २०७४ सालको स्थानीय चुनावमा तत्कालीन राजपाबाट वीरगञ्ज महानगरपालिकाको उपमेयरमा उम्मेदवारी दिनुभएको थियो । यसपालि पनि स्वतन्त्रमा उपमेयर पदमा उम्मेदवार दिनुभएको थियो । पार्टीबाट टिकट किन पाउनुभएन ?**

– यो एउटा विडम्बना नै भन्नुपर्छ । यो मेरो लागि दुर्भाग्य हो । पाँच वर्षसम्म मैले तयारी गरेको थिएँ । पाँच वर्षमा मैले कहिल्यै पनि सांसद्को तयारी गर्दै छु भनेर भनेकी थिइनँ । मेरो फोकस उपमेयरकै लागि थियो र तयारी गरिरहेको थिएँ । वीरगञ्ज महानगरको लागि नै मेरो तयारी थियो । मैले वीरगञ्जवासीका हरेक किसिमका समस्या बुझ्ने काम गरे । भौतिक संरक्षण, नदी नियन्त्रण, सडक, नालादेखि लिएर मानवीय चेतना जुडेका कुरासम्म बुझ्ने काम गरे । मैले वृहत् रूपमा तयारी गरिरहेको थिएँ । यस पाँच वर्षमा मैल उपमेयरले गर्ने काम, कर्तव्य र अधिकारका कुराहरूको विषयमा पनि जानकारी लिँदै आएको थिएँ । वृहत् रूपमा अध्ययन नै गरेको थिएँ । मैले त्यति तयारी गर्दासमेत मेरो पार्टी (लोसपा)ले मेरो मूल्याङ्कन गरेन । त्यसकारण मैले स्वतन्त्रमा उम्मेदवारी दिएँ ।

**० तपाईंले स्वतन्त्र उम्मेदवारी दिनुभयो । तर, तपाईंले पाँच वर्षमा गरेको मिहिनेतअनुसारको मत आएन । किन होला ?**

– वीरगञ्ज महानगरपालिकामा ३२ वटा वडा छन् । ३२ मध्ये १६ वटा वडा शहरमा छन् । ग्रामीण क्षेत्रका वडामा शिक्षाको कमी छ । मलाई उहाँहरूले भोट त गर्नुभएको छ । तर तपाईलाई आश्चर्य लाग्न सक्छ । वीरगञ्ज महानगरपालिकामा करिब ५५ प्रतिशत मत बदर भएको छ । त्यो मत दिन नजानेर भएको हो । उपमेयरमा किन यतिको मत बदर भयो ? दिन खोजियो । तर, कुनैमा छाप र कुनैमा ल्याप्चे लगाइएको छ । जसले गर्दा मत बदर भयो । मानिसले जानेर होइन नजानेर यसो गरेका हुन् । काठमाडौंको कुरा गर्ने हो भने यहाँका मतदाताहरू सजग छन् । सुशिक्षित छन् । त्यसैले गर्दा आज बालेन साहले यतिको मत ल्याउनुभयो । तर, वीरगञ्ज महानगरको अवस्था अलि फरक छ । मैले मत चाहिँ ल्याएको छु । पढेलेखेका मानिसले दिएको भोट मलाई आएको छ ।

**० बदर भएको मत तपाईंलाई नै आउने बाला थियो ?**

– आउन पनि सक्थ्यो होला । किन भने त्यसको ५० देखि ६० प्रतिशत मेरो हकमा होला, यदि राम्रोसँग गणना गर्ने हो भने । गणनामा पनि अलि फरक भएको छ । मुख्य निर्वाचन अधिकृतले वाचन गरेर नै सुनाउनु भएको थियो । त्यसको हार्ड कपि पनि हामीलाई दिनुभएको छ । तर, त्यहाँ लेखिएको बुँदा बमोजिम मतगणना भएको छैन ।

**० तपाईं आफ्नो पार्टी लोसपाबाट टिकट पाएको भए जित्नुहुन्थ्यो ?**

– मेरो जित सुनिश्चित थियो । मैले भन्ने कुरा होइन । वीरगञ्जको कुनै सर्वसाधारणसँग सोध्दा हुन्छ ।

**० पार्टीले किन टिकट दिएन ?**

– यसको उत्तर म दिन सक्दिनँ । यसको उत्तर सम्बन्धित मानिसले नै दिन सक्छन् । पार्टीले केही घण्टाअघिसम्म टिकट निश्चित छ भनेर भनेको थियो । तर, अन्तिम समयमा लिएको निर्णयको परिणाम उहाँहरूले भोग्दै छन् । यसमा मैले अगाडि भन्नुपर्ने केही छैन ।

**० गठबन्धन अघि नै टिकट पाउने आश थियो ?**

– गठबन्धनसँग मेरो केही सरोकार छैन । गठबन्धन भयो त्यसमा केही आपत्ति छैन । तर, गठबन्धनको उम्मेदवार उपयुक्त थिएन । जसले पाँच वर्ष संगठन बनायो । जो सक्रिय थियो । जसलाई जनताले रूचाएका थिए । जसलाई जनताले मन पराएका थिए । उसलाई उपयुक्त उम्मेदवार भन्ने कि ६ महिना पहिला ६ वटा पार्टी बदलेर आएका व्यक्तिलाई उपयुक्त भन्ने ? पार्टीको विडम्बना हो । त्यस्तो मानिसलाई छानियो, जो पाँच वर्ष कहीँ देखिएको थिएन । आउने बित्तिकै उसलाई जिल्ला अध्यक्ष पनि चाहिने । मेयर पनि उसैलाई चाहिने । मेयरको कारणले गर्दा एक जना उपयुक्त उम्मेदवार राजेशमान सिंह अर्को पार्टीमा गएर जित्नु भएको छ । उहाँसमेत यो पार्टी परित्याग गर्नुपऱ्यो । मैले आशा गरेको थिएँ । तर, गठबन्धनको नाममा जसरी नियम कानुन मिचेर पुरूषलाई उम्मेदवार बनाइयो । पुरूषमै पनि अन्य राम्रा व्यक्ति लोसपामा हुँदाहुँदै उनीहरूलाई टिकट दिइएन ।

**० तपाईंको भनाइ अनुसार डिजर्भिङ उम्मेदवारलाई किन टिकट नदिइएको होला त ?**

– मैले आँखाले देखेको चाहिँ केही छैन । तर, विगतमा पनि यस्तो देखिएको छ । नातावाद कृपावाद पार्टीहरूमा हाबी हुने गरेको छ । तर, मैले नदेखेको कुरामा केही भन्न सक्दिनँ ।

**० तपाईंले लोसपा पूर्ण रूपमा त्याग गरिसक्नुभएको हो ?**

– लोसपाबाट राजीनामा दिएको छैन । लोसपाले ममाथि कारबाही गरेको छैन । म अहिले न्यूट्रल छु । म लोसपामा छ पनि छैन पनि ।

**० अब राजनीतिक यात्रा कसरी अगाडि बढाउनुहुन्छ ?**

– राजनीति एक पटक सुरूवात गरिसकेपछि नशा जस्तो हुँदो रहेछ । थपक्क लगाएर घर पनि बस्न सकिँदैन । अहिले न्यूट्रल छु । सामाजिक कार्यहरू गरिरहेको छु । जनताकोबीचमा गइरहेको छु । जनताले मलाई माया गरिरहेका छन् । उहाँहरूले पनि अब तपाईं के गर्नुहुन्छ भनेर सोधिरहनुभएको छ । उहाँहरूले तपाईं जहाँ जानुहुन्छ त्यहाँ हामी जान्छौं भनेर भनिरहेका छन् । मैले जुन दलमा सदस्यता लिएको थिएँ, त्यसलाई नै निरन्तरता दिँदै आएको थिएँ । मेरो लागि पार्टी परिवर्तन गर्नु ठूलो इस्यू हो । धेरैका लागि ठूलो इस्यू हुँदैन । आज यो पार्टीमा भोलि यो पार्टीमा नेताहरू जान्छन् । तर, मेरो लागि यो ठूलो इस्यू हो । म सोचबिचार गरेर अगाडि बढ्छु । म साथीभाइ, समर्थक र घरपरिवारको सबैको सुझावअनुसार नै कुनै निर्णय लिन्छु ।

**० तपाईं अर्को पार्टीमा जान लागेको चर्चा पनि चलिरहेको छ नि ?**

– चर्चा गर्नेले चर्चा गरिरहन्छ । अर्को पार्टीमा गइरहेकै छु भन्ने कुरा मलाई नै थाहा छैन । मैले भनिहालेँ म अहिले न्यूट्रल छु ।

**० स्वतन्त्र रूपमै जाने त होइन ?**

– म अहिले स्वतन्त्र नै छु । मलाई पार्टीभन्दा पनि रम्भा मिश्रा भनेर चिन्नेहरू छन् । उहाँहरूले मलाई बोलाउनुहुन्छ । बालेन साह पनि स्वतन्त्र हुनुहुन्छ । उहाँको त कुनै पार्टी छैन । मेरो पनि चिनारी छ । रम्भा मिश्रा भनेरै चिनारी छ । त्यहीअनुसार म अहिले काम गरिरहेको छु ।

**० पार्टीले आफ्नो निर्णय त्रुटिपूर्ण थियो भनेर स्वीकार गरेको छ ?**

– हो । मैले जब उम्मेदवारी दिएँ । त्यतिबेलै पार्टीका नेताहरूबाट फोन आएको थियो । धेरैले यो दिन्छु, त्यो दिन्छु भनेर पनि भने । मैले भने अब विश्वास गर्न सक्ने आधार छैन । किनभने जुन कुरालाई फोकस गरेर यतिका वर्ष तयारी गरें, त्यसलाई बिना मेरो कुनै कमी कमजोरीले टिकट दिइएन । विगतमा पनि मैले चुनाव लडेको थिएँ । राम्रो मत ल्याएको थिएँ । आफ्नो तर्फबाट कुनै कमी कमजोरी भएको मलाई लाग्दैन । यति काम गर्दा पनि मूल्याङ्कन गर्दैन भने विश्वसनीयता पार्टीले गुमाइसकेको छ । अब म कुनै प्रलोभनमा परेर अगाडि बढ्दिनँ । किनभने मलाई थाहा छ, पार्टीमा पैसाको बोलबाला हुन्छ । आफ्नो नातावाद कृपावादको बोलबाला हुन्छ । त्यसमा म शायद पर्दिनँ । त्यसैले मैले अहिले कुनै निर्णय लिएको छैन ।

# सार्वजनिक संस्थानको आवश्यकता निजीकरण कि सुधार ?



ललितकुमार यादव

वस्तु तथा सेवाको उत्पादन एवम् बिक्री वितरण गर्ने सार्वजनिक उद्यम नै सार्वजनिक संस्थान हो । सार्वजनिक संस्थानलाई कानूनी रूपमा नेपालले परिभाषित गरेको पाइँदैन तर संयुक्त राष्ट्रसंघको परिभषामा सरकारको पूर्ण वा अधिकांश नियन्त्रणमा रहेर व्यवसाय गर्ने संगठनलाई सार्वजनिक संस्थान भनेको पाइन्छ । सामान्य भाषामा भन्दा सरकारको पूर्ण वा आंशिक लगानी रहेको, सरकारको स्वामित्व भएकोले सरकारी नियन्त्रण एवम् निर्देशन रहने तर व्यवस्थापनमा स्वायत्तता रहेको, व्यवसायिक गुण सँगसँगै सार्वजनिक जवाफदेहिता र सेवा प्रदान गर्ने उद्देश्य रहेको, कानूनी रूपमा स्वतन्त्र संस्था नै सार्वजनिक संस्थान हो । कम्पनी ऐन, संस्थान ऐन, विकास समिति ऐन, बैंक तथा वित्तीय संस्था ऐन, सञ्चार संस्थान ऐन, सहकारी ऐन, संस्थान बिशेष ऐन आदिद्वरा सार्वजनिक संस्थान स्थापना र व्यवस्थित गरिएका छन् ।

अत्यावश्यक वस्तु तथा सेवाहरू सुगम तथा दुर्गम सबै क्षेत्रमा सहज रूपमा उपलब्ध गराउने, निजी क्षेत्रको एकाधिकार अन्त्य गर्ने, कृत्रिम अभाव कालाबजारी एवम् अनावश्यक मूल्य वृद्धि हुन नदिने, आर्थिक विकासमा सहयोग गर्ने, रोजगारीका अवसर सिर्जना गर्ने, आधुनिक प्रविधि भित्र्याउने, पूर्वाधार निर्माणमा सहयोग गर्ने, नमुना उद्यमको विकास गर्ने, सरकारका नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने, सामाजिक आवश्यकता पूरा गर्ने, राजस्व परिचालनमा सहयोग गर्ने आदि सर्वजनिक संस्थानका उद्देश्य हुन् । समग्रमा सार्वजनिक हित अभिवृद्धि गर्नु नै सार्वजनिक संस्थानको उद्देश्य हो ।

विश्व इतिहास हेर्ने हो भने सन् १९३० को दशकमा पुँजीवादी अर्थव्यवस्थामा देखा परेको चरम आर्थिक संकट र दोस्रो विश्वयुद्धपछि कल्याणकारी राज्यको स्थापनाको आवश्यकता महसुस हुन थालेको एवम् राज्यद्वारा नियन्त्रित योजनाबद्ध विकास प्रकृयाको थालनी आदि बलिया आधारहरूले उन्नाइसौं शताब्दीको मध्यबाट विकास हुन थालेको समाजवादी आर्थिक संरचनाले सार्वजनिक संस्थानहरूको स्थापना गर्न सुरू भएको हो । नेपालमा सार्वजनिक संस्थान स्थापनाको इतिहास त्यति लामो छैन् । वि.सं. १९९३ मा स्थापित विराटनगर जुट मिल तथा वि.सं. १९९४ मा स्थापित नेपाल बैंक लिमिटेड जस्ता संस्थान हुँदै वि.सं. २०४७ सालसम्मको अवधिमा नेपालमा संस्थाको संख्या ६० भन्दा बढी पुगेको थियो भने २०५० को दशकदेखि सार्वजनिक संस्थानहरूमा सरकारको संलग्नतालाई घटाई विनिवेश गर्ने रणनीति लिइएको थियो । पछिल्लो समयमा सरकारले अत्यावश्यक क्षेत्रमा केही सार्वजनिक संस्थान स्थापना समेत गरेको अवस्था छ । हाल नेपालमा ४४ वटा सार्वजनिक संस्थानहरू कानूनी रूपमा अस्तित्वमा रहेकामा ४२ वटा सञ्चालनमा छन् ।

लगानीका आधारमा सेवा तथा प्रतिफल प्रदान गर्न नसकेको भन्दै सार्वजनिक संस्थानहरूको औचित्यमाथि प्रश्न उठ्दै आएको छ । सार्वजनिक संस्थानहरूमा सरकारको लगानी रू. ५ खर्ब ६७ अर्ब २८ करोड ८६ लाख रहेकोमा गत आ.व. २०७७/०७८ मा जम्मा ६ अर्ब ७२ करोड १४ लाख लाभांश प्राप्त भएको छ । यो रकम अघिल्लो वर्षको तुलनामा ५२ दशमलव ३३ प्रतिशत कम हो । कुल शेयर लगानीको तुलनामा लाभांश अनुपात विश्लेषण गर्दा आर्थिक वर्ष २०७७/०७८ मा २ दशमलव १४ प्रतिशतमात्र प्रतिफल प्राप्त भएको छ । सरकारी लगानीका आधारमा प्रतिफल चिन्ताजनक छ ।

हाल संचालनमा रहेकामध्ये २२ संस्थान नाफा र १९ संस्थानले घाटा ब्यहोरेका छन् भने बाँकीको कारोबार शून्य रहेको देखिएको छ । हाल जनकपुर चुरोट कारखाना बन्द छ भने बिद्युत् उत्पादन कम्पनी र राष्ट्रिय प्रसारण ग्रिड कम्पनीको व्यवसाय सुरूवाती अवस्थामा नै छन् । नोक्सानीमा संचालन भइरहेका संस्थानमध्ये नेपाल ओरियन्ड म्याग्नासाइट प्रा. लि., बुटबल धागो कारखानाको व्यावसायिक कारोबार भएको छैन, भने नेपाल रेल्वे कम्पनीको व्यवसाय सञ्चालनको प्रक्रियामा छ ।

मिश्रित अर्थव्यवस्था रहेको नेपालमा व्यक्तिगत संस्थाहरूको साथसाथै सार्वजनिक संस्थानहरूको समेत आवश्यकता रहेको पाइन्छ । नेपालले सार्वजनिक, निजी र सहकारी क्षेत्र गरी तीन खम्बे अर्थनीति आत्मसात गरेको छ । नेपाल सरकारले सार्वजनिक क्षेत्रलाई अर्थतन्त्रको एक प्रमुख खम्बाको रूपमा लिएको देखिन्छ । अर्थतन्त्रलाई गतिशील बनाउने प्रमुख आधार स्तम्भको रूपमा रहेको सार्वजनिक क्षेत्रअन्तर्गत पर्ने सार्वजनिक संस्थानहरूको भूमिकामा थप प्रभावकारिता र गतिशीलता ल्याउन जरूरी छ । अर्थतन्त्रको विकासमा उद्योगधन्दाको विशिष्ट योगदान हुन्छ । प्रत्येक देशमा विभिन्न उद्योगधन्दाको स्थापना आर्थिक विकासकै लागि गरिन्छ । नेपालमा निजी क्षेत्र अझै सक्षम भइनसकेका कारणले पनि सार्वजनिक संस्थानहरू जति आवश्यक रहेका छन्, तीनीहरूमा व्यापक सुधारको पनि त्यति नै आवश्यकता रहेको छ ।

सरकारले व्यापार गर्नु हुँदैन । व्यापार गर्ने काम निजी क्षेत्रलाई छोडदिनु पर्छ भन्ने मान्याताको विकास भएसँगै सार्वजनिक संस्थानलाई निजीकरण गर्नु पर्ने मान्याताको विकास हुँदै गएको छ । संस्थानका पक्षपातीहरू भने राज्य जटिल अवस्थामा रहेको बेला सार्वजनिक संस्थानहरूले निर्वाह गरेका भूमिका बिर्सिन नहुने तर्क गर्छन् र व्यवस्थापकीय एंव व्यावसायिक स्वायत्तता र सुधारको खाँचो रहेको मत राख्छन् । हुन पनि भूकम्प र कोरोना संकटका बेला सार्वजनिक संस्थानले खेलेको भूमिकालाई बिर्सिन सकिदैन । त्यस्तै विभिन्न विपद र संकटका बेला सार्वजनिक संस्थान नै अगाडि आउनु पर्ने अहिले पनि हाम्रो बाध्यता छ र त्यस्ता समयमा सार्वजनिक संस्तानहरूले निर्वाह गर्दै आएको भुमिका अविस्मरणीय पनि छ । सार्वजनिक संस्थानहरूले सामाजिक दायित्व पुरा गर्नु पर्ने र व्यवसाय गरेर आर्थिक सवलता हासिल गर्नु पर्ने दोस्रो भूमिकामा रहेका कारण पनि आपेक्षित सफलता हासिल गर्न सकेका छैनन् । सार्वजनिक संस्थानहरूको काम व्यवसाय मात्रै गर्नु होइन, सरकारको सहायक अंगको रूपमा रहेका सार्वजनिक संस्थानहरूले सरकारको नीति तथा कार्यक्रम पनि कार्यावन्यन गर्नु पर्छ । तसर्थ सार्वजनिक संस्थानहरूलाई निजी व्यवसायिक संस्था जस्तो पनि हेर्नु हुदैन् । सरकारले मूल्य निर्धारण गर्ने, व्यवस्थापनमा प्रत्यक्ष हस्तक्षेप गर्ने, नाफाको जस लिने तर घाटाको अपजस संस्थानलाई मात्र बोकाइदिने सरकारको काम पनि त्यति न्यायोचित चाँहि होइन ।

अस्पष्ट नीति, सरोकारवाला निकायबीच समन्वयको अभाव, कमजोर व्यवस्थापकीय क्षमता, चर्को राजनीतिकरण र ट्रेड युनियनको आराजकता, असक्षम एवं भद्दा जनशक्ति र प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको अभाव आदि कारणले सार्वजनिक संस्थानहरू कमजोर बन्दै गएको छ । आम जनताले सार्वजनिक संस्थानलाई विश्वास गर्न छोड्दै गएका छन् । यसै कारणले मात्र सार्वजनिक संस्थानलाई निजीकरण गर्नु पर्ने आवाज उठ्दै आएको छ । तर सार्वजनिक संस्थानहरूको सुधार गरी सञ्चालन गर्नुको विकल्प छैन् सरकारसँग ।

सार्वजनिक संस्थानको स्वामित्वबाट नै सरकारले हात झिक्ने नीति नेपालको आठौं योजनाले लिएको हो । उक्त योजनामा सरकारी स्वामित्वमा रहेका औद्योगिक एवम् अन्य संस्थानहरूलाई क्रमिक रूपमा निजीकरण गरिने भनेर लेखियो । निजीकरणको नीति लिए पश्चात सर्बप्रथम भृकुटी कागज कारखाना, हरिसिद्धि इँटा-टायल कारखाना र बाँसबारी छाला जुत्ता कारखानाको सम्पूर्ण स्वामित्व र सम्पत्ति बिक्री गरी वि.सं. २०४९ मा सरकारले सार्वजनिक संस्थानको निजीकरण प्रक्रिया सुरू गरेको थियो । पहिलो चरणमै निजीकरण गरिएका यी तीनवटै संस्था हाल संचालनमा छैनन् । त्यसपछि सरकारले निजीकरण ऐन नै लागू गऱ्यो । नेपालमा हालसम्म विनिवेश गरिएका ३० सार्वजनिक संस्थानहरूमध्ये १२ संस्थान खारेजी गरिएको थियो । निजी क्षेत्र खरिद गर्न तयार हुन नसक्दा ती सार्वजनिक संस्थानहरू खारेजी गर्ने निर्णयमा सरकार पुगेको थियो । सञ्चालनमा रहने गरी निजीकरण गरिएका १८ सार्वजनिक संस्थानमध्ये १२ संस्थाहरू सञ्चालनमा रहेका छन् । यसले अहिलेसम्म नेपालका निजी क्षेत्र सक्षम भई नसकेकोले सार्वजनिक संस्थानहरूको सञ्चालनको जिम्मा सरकारले नै लिनु पर्ने देखिन्छ ।

सरकारको अहिलेको वर्गीकरणअनुसार सार्वजनिक संस्थानहरू ६ प्रकारका छन् । ती हुन औद्योगिक, व्यापारिक, सेवामूलक, सामाजिक, जनउपयोगी र वित्तीय । यीमाध्ये जनउपयोगी अन्तर्गतका सार्वजनिक संस्थानहरूलाई निजीकरण गर्ने बेला आइसकेकै छैन्।त्यसबाहेकका संस्थानहरूमध्ये नेपाल नागरिक उड्डयन प्राधिकरणजस्ता नियामकीय भूमिकामा रहेको, नेपाल आयल निगमजस्ता पेट्रोलियम पदार्थको आपूर्ति प्रणालीमा पूर्ण नियन्त्रण रहेको र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडजस्ता सरकारको समर्थन मूल्यमा किसानको उत्पादन खरिद गर्ने, दुर्गममा खाद्यान्न पुऱ्याउने, सार्क खाद्य बैंक र राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा खाद्य सुरक्षाको लागि खाद्यान्न मौज्दातको व्यवस्थापन गर्ने भूमिकामा रहेको संस्थानहरूलाई निजीकरण गर्न सकिदैन् । रणनीतिक हिसाबले नेपाल वायुसेवा निगम, गोरखापत्र संस्थान र नेपाल टेलिभिजन जस्ता संस्थानलाई पनि निजीकरण गर्नु त्यति उपयुक्त हुँदैन् । रार्षट्रिय ध्वजा वाहक वायुसेवा र सरकारको आधिकारिक सञ्चारमाध्यम चाहिन्छ । निश्चित मात्र काम गर्ने जुन काम निजी क्षेत्रबाट गराउन पनि सम्भव छ, सरकारले दिएको सञ्चालन अनुदानको भरमा मात्र चल्न सक्ने र उत्पादन क्षमता नै कम रहेका सार्वजनिक संस्थानहरूको बारेमा भने बृहतरूपमा सोच्न जरूरी छ ।

सार्वजनिक संस्थानहरूको कार्य सम्पादनमा मुनाफाको कुनै महत्व नहुने र सेवा उपलब्धताको स्पष्ट मापदण्ड नहुने भएपछि कसैलाई पनि सार्वजनिक संस्थानलाई कुशलताका साथ सञ्चालन गर्नु पर्ने आवश्यकता नै महशुस हुन सकेन । सबै संस्थानका आआफ्नै समस्या, अवसर र चुनौती रहेको हुँदा प्रत्येक संस्थानका समस्याको सही पहिचान गरी उत्कृष्ट निकास दिन छुट्टाछुटै अध्ययनको आवश्यकता रहेको छ । तर आजसम्म सबै सार्वजनिक संस्थानलाई समग्रमा अध्ययन गरिदै आइएको छ । यो नै सार्वजनिक संस्थानहरूमा सुधार हुन नसक्नुको प्रमुख कारण हो ।

संस्थानको क्षमता विकास र सुदृढीकरण, कर्मचारीको सीप र क्षमताको विकास, प्रविधिमैत्री काम कारवाही र कर्मचारी, समन्वय र नियन्त्रण प्रणालीमा सुधार, संस्थानमा कार्यरत सबै कर्मचारीको कार्य विवरण लागू, प्रमुख कार्यकारीलाई स्पष्ट लक्ष्यसहितको कार्य सम्पादन सम्झौता तर राजनीतिक हिसाबले हुने नियूक्ति र बर्खास्तीको खारेजी, सेवा वा वस्तुको मूल्य निर्धारणमा स्वायत्तता, चुहावट र आर्थिक अनियमितता कम गरी सेवा वा वस्तुको लागत घटाउने, जनतालई ग्राहक होइन सेवाग्राही मानेर सेवा प्रदान, गुणस्तरीय र चुस्त सेवा प्रदान गरेर जनताको विश्वास जित्ने, बढ्दो राजनीतिक प्रभाव कम गर्ने आदि सार्वजनिक संस्थानहरूको सुधारका उपायहरू हुन सक्छन् ।

सार्वजनिक संस्थान सुधारका लागि राज्यले सार्वजनिक संस्थान सम्बन्धी साँझा कानूनको निर्माण गर्न जरूरी छ।एउटै प्रकृतिका सार्वजनिक संस्थानलाई मर्ज गरी सञ्चालन खर्च घटाउनु पर्छ । व्यवस्थापनलाई राजनीतिक प्रभावमा पार्नु हुँदैन । संस्थानमा कार्यरत कर्मचारीलाई व्यवस्थापनप्रति उत्तरदायी बनाउने । व्यवस्थापन र कर्मचारीबीच सुमधुर सम्बन्ध कायम हुने वातावरण बनाउने । आधिकारिक ट्रेड युनियनमार्फत सामूहिक सौदाबाजी र पेसागत हकहित संरक्षणको अधिकार दिने तर ट्रेड युनियनको अराजकताको अन्त्य गरिनु पर्छ । करारमा कर्मचारी नियुक्ति गर्नु भन्दा योग्य र सक्षम कर्मचारी लोक सेवाको सिफारिसमा नियुक्ति गर्ने । ओ र एम सर्वेक्षण गरी आवश्यक कार्मचारी मात्र राखेर सर्वजनिक संस्थानले आफ्नो उद्देश्य प्राप्त गर्ने गरी दीर्घकालीन सोँचका साथ सञ्चालन गर्ने ।

अहिले पनि संकटको बेला सरकारको सहायक अंगको रूपमा रहेका सार्वजनिक संस्थानहरूले निर्वाह गर्दै आएका भूमिका निर्वाह गर्न निजी क्षेत्र सक्षम भैनसकेको र समान्य समयमा पनि सेवाभन्दा पनि मुनाफामा जोड दिने निजी क्षेत्रको चरित्र रहेकाले बजार हस्तक्षेप गर्न पनि नेपालमा अहिले पनि कतिपय सार्वजनिक संस्थानहरू आवश्यक नै रहेका छन् । निजी क्षेत्र नाफामुखि हुने भएकाले पनि सार्वजनिक संस्थानको आवश्यता छ । नाफा नआउने क्षेत्रमा निजी क्षेत्रले हात हाल्दैनन् । सरकारले कर पनि लगाउन मिल्दैन । तर जनतालाई सरकारले सेवा दिनैपर्ने हुन्छ । विपद व्यवस्थापनका लागि पनि सरकारलाई सार्वजनिक संस्थानहरूको आवश्यकता पर्छ । सार्वजनिक संस्थानहरूको उपस्थितिमा बजार नियन्त्रण र आपुर्ति व्यवस्थापन गर्न नसकेको सरकारले सार्वजनिक संस्थानहरू सञ्चालन गर्नै पर्ने हुन्छ । आवश्यक नरहेका कतिपय सार्वजनिक संस्थानहरू खारेजी वा निजीकरण गरेपनि खारेजी तथा निजिकरण गर्न नमिल्ने संस्थानहरूमा व्यापक सुधारको खाँचो रहेको छ ।

lkskeshariaaryan@gmail.com







## मधेश अपडेट

### प्रदेशको नीतिमा संघीय सरकारको असहयोग : मुख्यमन्त्री राउत

महोत्तरी । सरकारीपक्षको स्पष्ट नीति र योजनाकै कारण मुलुक समृद्धितर्फ लम्कन नसकेको मधेश प्रदेशका मुख्यमन्त्री मो लालबाबु राउतले बताएका छन् । वर्दिवासमा महोत्तरी चेम्बर अफ कमर्शले आयोजना गरेको नवनिर्वाचित जनप्रतिनिधिलाई सम्मान कार्यक्रमकाबीच मुख्यमन्त्री राउतले सो कुरा बताएका हुन् । पछिल्लो समयमा आएर स्वदेशमा आवश्यक स्रोत साधनलाई उपयोग गरेर स्वरोजगारीको वातावरण निर्माणका लागि तीनै तहका सरकार असफल भएको मुख्यमन्त्री राउतले स्पष्ट पारे । राउतले भने, 'आर्थिक उन्नतीको सवालमा सरकारले स्पष्ट नीति र साधन, स्रोतको व्यवस्थापन गर्नुपर्थ्यो तर त्यसो हुन सकेन । जसको कारण हजारौं युवा बर्सेनी विदेशिन बाध्य छन् । अब सरकारले ती युवा केन्द्रित कार्यक्रम ल्याएर स्वदेशमा रोजगारीको प्रबन्ध गर्नु आवश्यक छ ।' मधेश प्रदेश सरकारले पछिल्लो समयमा निर्माण गरेको ऐन र नीति संघीय सरकारकै कारण कार्यान्वयन हुन नसकेको राउतले आरोप लगाएका छन् । स्थानीयस्तरमा उत्पादित वस्तुलाई प्रवर्द्धन गर्नका निम्ति सरोकरवालापक्षको भूमिका आवश्यक रहेको नेपाल चेम्बर अफ कर्मशका केन्द्रीय अध्यक्ष राजेन्द्र मल्लले बताए । अध्यक्ष श्रेष्ठले कृषिमा आधारित रहेको मधेश प्रदेशको योजना र बजेट पनि कृषिमैत्री ल्याउनका लागि मुख्यमन्त्रीसमक्ष आग्रह गरेका थिए ।

### मधेश प्रदेशमा युवा महोत्सव हुने

जनकपुरधाम । मधेश प्रदेशमा असार १५ र १६ गते मधेश प्रदेश युवा महोत्सव हुने भएको छ । मधेश प्रदेश, महिला, बालबालिका, युवा तथा खेलकुदमन्त्री विरेन्द्रप्रसाद सिंहले 'समुन्नत मधेश प्रदेशका लागि साझा अठोट' भन्ने नाराका साथ महोत्सव आयोजना गरिएको बताए । स्रोत साधनको पहुँचमा नभएका, मूलधारमा नसमेटिएका युवाका सीप र दक्षतालाई परिचित गराउन तथा सम्भावनाका मार्गमा अभिभुखिकरण प्रदान गर्न सक्ने लगायतका उद्देश्यले महोत्सवको आयोजना गरिन लागिएको उनले बताए । प्रदेशका ८ वटै जिल्लाका १ महानगरपालिका, ३ उपमहानगरपालिका, ७३ नगरपालिका र १२७१ वडासहित ५८ गाउँपालिका गरी १३६ स्थानीय तहलाई महोत्सवका बारेमा सूचना सम्प्रेषण गरिने जानकारी मन्त्रालयका उपसचिव ठुलोबाबु दाहालले जानकारी दिए । महोत्सवको पहिलो दिन मधेश प्रदेशमा राजनीति, उद्यम, सामाजिक कार्य, पत्रकारिता तथा सरकारी सेवाका विभिन्न क्षेत्रमा अथक रूपमा काम गरेर सकारात्मक परिवर्तन ल्याउन निरन्तर प्रयासरत उदाहरणीय युवाहरूका कथा सुन्ने र संवाद गर्ने कार्यक्रम रहेको छ । दोश्रो दिन मधेश प्रदेशमा यौन तथा प्रजनन स्वास्थ्य र अधिकारको विषयमा कार्यरत सरकारी तथा अन्य सरोकारवाला निकायका प्रतिनिधिसँग अन्तरक्रिया गर्ने र सोको सम्बोधनका लागि साझा प्रतिवद्धता र घोषणापत्र सार्वजनिक गरिने कार्यक्रम रहेको उपसचिव दाहालले बताए । महोत्सवको प्राविधिक सहयोग युवालय नामक संस्थाले गरिने उनले बताए ।

### वीरगन्जमा अन्तर्राष्ट्रिय योग शिविर सम्पन्न

वीरगन्ज । वीरगन्जस्थित रहेको भारतीय महावाणिज्य दूतावासले आजादीको अमृत महोत्सवको अवसरमा अन्तर्राष्ट्रिय योग शिविर सम्पन्न गरेको छ । वीरगन्जको आदर्शनगर रंगशालामा भएको योग महोत्सवमा भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत नितेश कुमार, वाणिज्यदूत शशी भुषण कुमार र पर्साका प्रमुख जिल्ला अधिकारी उमेश ढकालले संयुक्त रूपमा योग कार्यक्रमको उद्घाटन गरेका थिए । उद्घाटनको क्रममा महावाणिज्यदूत नितेश कुमारले आजदेखि ५ हजार वर्ष पहिले योगको उत्पत्ति नेपालबाट भएको बताएका थिए । नेपाल र भारतको सम्बन्धलाई बलियो बनाउनका लागि पनि यो योग शिविर देशका विभिन्न सहरहरूमा सञ्चालन भइरहेको पनि जानकारी दिए । स्वास्थ्यको लागि योग महत्त्वपूर्ण रहेको पनि उनले बताए । वीरगन्जको आदर्शनगर रंगशालामा भएको योगा कार्यक्रममा योगा धिरेन्द्र सिंहले सबै आमन्त्रित अतिथिहरू गराएका थिए । योग शिविरमा विभिन्न संघ संस्था, विद्यालयका छात्र छात्रा लगायतले कार्यक्रमा भाग लिएका थिए । भारतीय महावाणिज्य दुतावास वीरगन्जले विभिन्न समयमा विद्यालयहरूलाई प्रतिस्पर्धा गराएकोमा साउथ जोन मा.वि, दिल्ली पब्लिक स्कुल, ज्ञान्डा मा.वि. लगायत दर्जनौ स्कुलका उत्कृष्ट भएका विद्यार्थीहरूलाई योगा कार्यक्रम सम्पन्न पश्चात कदर पत्र दिइ दुत नितेश कुमारले सम्मान गरेका थिए ।

### नेपाल-भारत सीमाको निरीक्षण

कपिलवस्तु । मधेशी आयोगका अध्यक्ष डा.विजयकुमार दत्तले लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्लामा रहेको मर्यादपुरस्थित नेपाल-भारत सीमाको निरीक्षण गरेका छन् । सीमा निरीक्षण पश्चात अध्यक्ष डा.दत्तले त्यहाँका स्थानीय वासिन्दाहरूसँग समस्याहरूको बारेमा समेत जानकारी लिएका हुन् । सो निरीक्षणको क्रममा अध्यक्ष डा.दत्तलाई स्थानीय वासिन्दाहरूले मलको समस्या मुख्य रहेको बताएका थिए । सो निरीक्षणमा यशोधारा गाउँपालिकाका अध्यक्ष, वडा अध्यक्षहरू, सुरक्षाकर्मी लगायतले अध्यक्ष डा.दत्तलाइ समग्र वस्तुस्थितिको बारेमा जानकारी गराएका थिए । अध्यक्ष डा.दत्तले सीमामा जनतालाई समस्या हुन नदिन तथा गलत क्रियाकलापमा रोक लगाउम स्थानीय सुरक्षा निकायलाई निर्देशन दिए । सो निरीक्षणमा आयोगको सदस्य विजय गुप्ताको पनि उपस्थिति रहेको थियो ।

### गौरका पूर्वमेयर गुप्ता एमाले प्रवेश गर्दै

रौतहट । गौर नगरपालिकाका निवर्तमान मेयर अजय गुप्ता लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) त्यागेर नेकपा एमालेमा प्रवेश गर्ने भएका छन् । मेयरको दोस्रो कार्यकालको प्रतिस्पर्धामा नेकपा एसका शम्भु साहसँग पराजित भएका गुप्ता आगामी संसदीय चुनावमा रौतहट १ बाट लड्ने गरी एमालेमा प्रवेश गर्न लागेका हुन् । गुप्ताको एमाले प्रवेश तय भएको र अध्यक्ष केपी शर्मा ओलीले स्वागत गर्ने रौतहट एमालेले जनाएको छ । रौतहट क्षेत्र नम्बर १ बाट यसपटक नेकपा एसका अध्यक्ष माधवकुमार नेपाल चुनाव लड्ने तयारीमा छन् । गौरसहित सो क्षेत्रमा पर्ने नगरपालिका नेकपा एसले जितेको र गठबन्धनका दलहरूको समेत समर्थन हुने भएकाले नेपालका लागि यसपटक रौतहट सहज देखिएको छ । एमालेले माधव नेपालविरूद्ध अजय गुप्तालाई अघि सार्ने तयारीस्वरूप पार्टी प्रवेश गराउन लागेको हो ।

### मूल्यवृद्धिको विरोधमा जनमतद्वारा प्रदर्शन

जनकपुरधाम । पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धिको विरोधमा जनकपुरधाममा प्रदर्शन भएको छ । बुधबार जनमत पार्टीका नेत तथा कार्यकर्ताले जनकपुरधामका विरोध जुलुस निकालेका हुन् । जनमत पार्टी धनुषाका नवनियुक्त जिल्ला इन्चार्ज संजय साहको नेतृत्वमा मिल्स एरियाबाट निकालिएको ऱ्याली नगरका विभिन्न ठाउँको परिक्रमा गरेको थियो । त्यसक्रममा जनमत पार्टीका नेताहरूले पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धि तत्काल फिर्ता लिन माग गरेका छन् । उनीहरूले सरकारले जनतालाई पीडा दिने काम मात्र गरेको आरोप पनि लगाएका छन् । जनकपुरधामको मुल्स एरियाबाट सुरू गरिएको बिरोध र्याली भानु चौकमा आएर करिब अधा घण्टा बिच चौकमै बसेर बिरोध प्रदर्शन गरेका हुन् ।

### मेयर पौडेलद्वारा कडा निर्देशन

इमरान खान, कपिलवस्तु । दुर्घटना बढेको भन्दै कपिलवस्तु नगरपालिकाका मेयर सुदीप पौडेलले तौलिहवाको गौढी चोकदेखि भवानी भिक्षु चोकसम्म रहेको डिभाइडर र सोलार बत्तीको पोल हटाउन निर्देशन दिएका छन् । गत असार ५ गते गौढी चोकमा बाटो साघुरो हुँदा टिप्परको ठक्करबाट भिक्षु चोकका एक जना साइकलयात्रीको मृत्यु भएको थियो । सो घटनापछि स्थानीयबासी आक्रोशित बनेपछि मेयर पौडेल, प्रजिअ धर्मेन्द्र मिश्रा, प्रहरी उपरीक्षक दान बहादुर कार्की, सडक पुर्वाधार कार्यालय शिवपुरका प्रमुख बिष्णु लामासहितको टोलीले सोमबार स्थलगत अनुगमन गरेको थियो । टोलीले बाटो क्षेत्रमा अतिक्रम गरेको सबै संरचना र सामान हटाउन निर्देशन गरेको छ ।

# नागरिकता विधेयक पारित गर्न तमलोपाको ज्ञापन

सम्माननीय सभामुख ज्यू,
प्रतिनिधि सभा, संघीय संसद
मार्फत:
श्रीमान सचिव ज्यू
प्रदेश सभा सचिवालय
मधेश प्रदेश ।

विषय: नागरिकता ऐन २०६३ पहिलो संशोधन विधेयक पारित हुन संसदीय प्रक्रिया आगाडि बढाइयोस् भनी ज्ञापन ।

सम्माननीय सभामुख ज्यू,

नेपालको संविधानको भाग २को धारा १०, ११, १२, १३, १४ र १५ मा नागरिकता सम्बन्धी व्यवस्थाहरू गरिएका छन् । नागरिकता ऐन, २०६३ को कतिपय प्रावधानमा यस अनुसार संशोधन गर्नु पर्नेछ । नेपालको संविधानको धारा ३०४ मा संविधान लागू हुँदाको बखतको कानून खारेज वा संशोधन नभएसम्म लागू रहने स्पष्ट गरिँदै उपधारा (१)मा यो संविधानसंग बांझिएको कानून यो संविधान बमोजिमको संघीय संसदको पहिलो अधिवेशन बसेको मितिले एक वर्षपछि बांझिएको हदसम्म स्वत: अमान्य हुनेछ भनिएको छ । अर्थात् यो संविधान बमोजिमको संघीय संसदको पहिलो अधिवेशन बसेको मितिले एक वर्ष भित्र वर्त्तमान संविधानमा भएका प्रावधानहरू सहजतापूर्वक कार्यान्वयन गर्न कानूनहरूको परिमार्जन संशोधन भइसक्नु पर्ने र नभएको अवस्थामा संविधानका प्रावधान अनुसार हुने किटानी गरिएको छ । त्यस अनुसार संविधानमा उल्लेखित अनुसारका प्रावधानहरूको कार्यान्वयन हुनु हो भन्ने कुरामा विवाद हुन सक्दैन । तर, नागरिकता प्रमाणपत्र प्रदान गर्ने कुरामा यसो भइरहेको छैन । संविधानको भाग दुईमा रहेका




प्रावधान मध्ये अधिकांशको कार्यान्वयन भइरहेको छैन । नागरिकता ऐन, २०६३ अनुसार हुनु पर्ने कतिपय कुरा पनि अघोषित रूपमा रोकिएका छन् । जिल्ला प्रशासन पिच्छे अभ्यासका फरक-फरक शैलीहरू छन् र व्यक्ति पिच्छे फरक दृष्टिकोण यदाकदा देखा परिरहेकै छ । संविधानको धारा ११को (३) अनुसार जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बालिग भएपछि वंशजको नाताले नागरिकता पाउनु पर्नेमा पाइरहेका छैनन् । यसले गर्दा संविधान अनुसार नेपालको नागरिक भए पनि निजहरू नागरिकताको प्रमाण-पत्रको आभावमा नागरिक अधिकार उपभोग गर्नबाट पूर्णत: वंचित छन् । शिक्षा, स्वास्थ, सुरक्षा, रोजगार-व्यवसाय, वसोवास, देशको सेवा लगायतका हरेक क्षेत्र तिनको निमित्त बाधित छन् । यस्तै स्थिति र दयनीय अवस्था पितृत्व र मातृत्वको ठेगान नभएको, नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमै वसोवास गरेको, नेपाली नागरिकसंग विवाह गरेको विदेशी महिला लगायतकाहरूको छ ।

यी सबैको कारण नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक प्रतिनिधि सभामा विचाराधीन रहेको भनिने गरिएको छ । प्रतिनिधि सभामा विचाराधीन रहेको विषयको बारेमा संविधानमा व्यवस्था भए पनि केही गर्न नै हुने कुन कानूनी सिद्धान्त बमोजिमको जिकिर हो भन्ने नै जानुन् । दुर्भाग्यपूर्ण स्थिति के छ भने नागरिकता जस्तो अत्यन्त संवेदनशील र जरूरी विषयमा न्यायपालिकाको समेत वक्रपूर्ण दृष्टि नै रह्यो । एकै समयमा जारी अन्य विषयक आध्यादेशहरू अदालतको दृष्टिमा ठीक देखिए पनि नागरिकतासंग सम्बन्धित आध्यादेश भने खारिज गरियो । तर, हामी एक नागरिकको हैसियतले सम्मानित अदालतको निर्णय मान्न बाध्य छौं र त्यसकारणले मानिरहेका छौं । सममानित अदालतले समेत यो विषय प्रतनिधि सभामा विचाराधीन रहेको भनेर नै आधार लिएको देखिन्छ । प्रतिनिधि सभा संघको विधायिका हो र हामीले बुझे जानेसम्म विधायिकाको प्रमुख काम ऐन-कानून निर्माण गर्नु नै हो । ऐन-कानून निर्माण गर्दा संविधानको अधीनमा रही गर्नु पर्ने नेपालको संविधानमा स्पष्ट उल्लेख छ । संविधानको अधीनमा रही कानूनको निर्माण, समीक्षा र आवश्यक सुधार विधायिकाको अति आवश्यक काम हो । कुनै आवश्यक कानूनको निर्माणलाई आनावश्यक ढिलाई वा नियत विशेषले रोकिराख्नु अथवा कसैको राजनीतिक स्वार्थ नारासंग जोडिएर थन्काइराख्नु संवैधानिक दायित्वको उल्लंघन नै हो । नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक २०७५/०४/२३मा माननीय सदस्यहरूमा वितरित भई २०७५/०४/२८मा प्रतिनिधिसभामा प्रस्तुत भएको र त्यसको भोली पल्ट अर्थात् २०७५/०४/२९ गते सभामा सामान्य छलफल भई २०७५/०५/०५मा समितिमा दफावार छलफलको निमित्त गएको हो । समितिमा झन्डै २२ महीना लगाइयो र त्यसपछि संविधान विपरित प्रस्तावित प्रावधानहरूको कारण रोकिएर राखिएको छ । विधायिकाको काम संविधानले गरेको प्रावधानलाई अझ सहज र सरल बनाउनु हो । नयाँ बन्देज र अप्ठ्याराहरू सृजित गर्नु निश्चित नै संविधान विपरित हुन जान्छ । यसरी अनावश्यक नयाँ विवाद खडा गरिएको छ र त्यही बहानामा विधेयक रोकेर राखिएको छ । यसले गर्दा नेपालका हजारौं नागरिकहरूलाई हुन आएका अप्ठ्याराहरू सम्माननीय सभामुखमा जानकारी नै छ । यी सबैलाई पुन: दोह्राउनु आवश्यक ठान्दैनौं ।

सम्मानीय सभामुख ज्यू,

नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकलाई आगाडि बढाउन आवश्यक पहल गरीदिई नागरिकता सम्बन्धी समस्याको निराकरण तर्फ पाईला चाल्न हार्दिक अनुरोध गर्दछौं ।

# सिकाइको समावेशी ढाँचा शिक्षक तालिम सम्पन्न

सर्लाही । युनिसेफले भर कर प्रकाशित गरेको प्रतिवेदनअनुसार विश्व जनसंख्याको २४० मिलियनभन्दा बढी बालबालिकामा कुनै न कुनै प्रकारको अपांगता रहेको देखाएको छ र जसको ८० प्रतिशतभन्दा बढी विकासोन्मुख देशमा रहेका छन् ।

२५% भन्दा बढी बालबालिका विद्यालय शिक्षासम्मको पहुँचमै छैनन् साथै भएका मध्ये पनि ४१% ले शिक्षामा विभेदको अनुभव गरेका छन् । ५१% भन्दा बढी बालबालिकाले शिक्षामा समावेशी नभएको धारणा राखेको तथ्य समेत सार्वजनिक गरेको छ ।

उपरोक्त तथ्यको मुख्य कारण भनेको शिक्षामा समावेशीकरण नहुनु र विद्यालय शिक्षा अपांगता मैत्री नभएको शिक्षामा धारणागत, भौतिक र संस्थागत अवरोध रहेको जनगुनासो सर्वत्र सुन्नमा आउँछ ।

अपांगता असक्षमता होइन र सबै बालबालिकाले सिक्न सक्दछन् तर शिक्षामा रहेका अवरोध हटाउने र अवसरको सिर्जना गर्ने कुरा महत्वपूर्ण पक्ष हो ।

सिकाईको समावेशी ढांचालाई व्यवहारमा उतार्न सके ८० प्रतिशतभन्दा बढी बालबालिकाले एउटै कक्षाकोठा भित्रको



वातावरणमा समानस्तरको सिकाइ उपलब्धि हासिल गर्न सक्दछन् भन्ने तथ्य पनि विभिन्न प्रतिवेदनले औंल्याएका छन् ।

सिकाईको समावेशी ढांचाको अवधारणा, रणनीति, विधि, प्रक्रिया र प्रविधि समेतलाई समेटर मधेश प्रदेशको बारा जिल्लाको गंगापुरस्थित शिक्षा तालिम केन्द्रमा सिकाइको समावेशी ढाँचा सम्बन्धी तीनदिने शिक्षक तालिम सम्पन्न भएको छ ।

विश्व शिक्षा नेपालको आर्थिक तथा प्राविधिक साझेदारीमा प्रेरणा नेपाल र शिक्षा तालिम केन्द्रको साझेदारीमा जेष्ठ ३१ देखि असार २ गतेसम्म आयोजना गरिएको तालिममा रौतहट जिल्लाका १३ सामुदायिक विद्यालयहरूका प्रारम्भिक कक्षामा अध्यापन गर्ने शिक्षकहरूलाई तालिम प्रदान गरिएको हो ।

नेपालमा पहुँचयुक्त शैक्षिक प्रबिधिको विस्तार - लर्न परियोजना अन्तर्गत प्रारम्भिक कक्षा शिक्षकलाई अपांगता भएका, अल्पसंख्याक, सीमान्तकृत र भाषागत कठिनाइ भएका बालबालिकालाइ समावेश गरि मूलधारका कक्षाकोठामा पढाउने विधि, प्रक्रिया र प्रविधिको बारेमा पहिलो चरणको तालिम सम्पन्न गरिएको हो ।

सो कार्यक्रममा अपाङ्गता र समावेशी शिक्षा,, सिकाइको समावेशी ढाँचा, प्रारम्भिक पहिचान र वैयक्तिक शैक्षिक योजना, सिकाइका सामग्री, शिक्षामा प्रविधिको प्रयोग लगायतका विषयवस्तुमा तालिम प्रदान गरिएको थियो ।

तालिम अपांगता लगायत अन्य बालबालिकाको सिकाई उपलब्धि हासिलगर्नमा सहयोगी सिद्द हुने तालिम प्रक्षिक तथा बिस्व शिक्षाका कार्यक्रम प्रबन्धक पदम महरले उल्लेख गरेका थिए । यस तालिमबाट विद्यालयको कक्षाकोठामा शिक्षण सिकाइ प्रक्रियामा नविनता ल्याउन, अवरोध न्यूनीकरण गर्न र अवसर प्रदान गर्न नविनतम् विधि सिकेको र जसले आगामी दिनमा विद्यार्थीको सिकाइ स्तरोन्नति हुने विश्वास सहभागीहरूले जनाए ।

यसपश्चात् मधेश प्रदेशका महोत्तरी, धनुषा र सर्लाही जिल्लामा पनि सो तालिम संचालन हुने प्रेरणाका परियोजना संयोजक जगदीश बन्ठाले बताए ।

# मनसुनजन्य विपद् घटनामा आधारित बाहिनीस्तरीय कृत्रिम घटना अभ्यास

रौतहट । सशस्त्र प्रहरी बल, नेपाल नं.२ छिन्नमस्ता बाहिनी महोत्तरीको आयोजनामा रौतहट जिल्लाको चन्द्रपुर न.पा. - १ नुनथरस्थित वागमती नदीमा मनसुनजन्य विपद् घटनामा आधारित बाहिनीस्तरीय पूर्व तयारीमा आधारित कृत्रिम घटना अभ्यास (सिमुलेशन) को प्रदर्शनी कार्यक्रम सम्पन्न भएको छ ।

मधेश प्रदेशका गृह तथा संचार मन्त्री भरत प्रसाद साहको प्रमुख आतिथ्यता रहेको उक्त कार्यक्रममा गृह तथा संचार मन्त्रालयका सचिव राम कुमार महतो, नेपाली सेना नं.२७ वाहिनी सिरहाका बाहिनीपति सहायक रथि भरत चन्द्र गुरूङ, नेपाल प्रहरीका प्र.ना.म.नि. मसउत आलम खाँ, स.प्र.बल नेपाल नं.२ छिन्नमस्ता वाहिनी मुख्यालय महोत्तरीका वाहिनीपति स.प्र.ना.म.नि. गणेश व. ठाडामगर, राष्ट्रिय अनुसन्धान मधेश प्रदेश कार्यालयका अनुसन्धान निर्देशक ओम कुमार जोशी, स.प्र.बल, नेपाल नं.२ छिन्नमस्ता वाहिनी मुख्यालय महोत्तरीका



सहायक वाहिनीपति का.म.स.प्र.व.उ. विष्णु प्रसाद भट्ट, मधेश प्रदेश अन्तर्गतका ८ वटै जिल्लाका जिल्ला सुरक्षा समितिका पदाधिकारीहरू, हरिवन नगरपालिकाका मेयर कमल बुढाथोकी, बागमती नगरपालिकाका मेयर भरत कुमार थापा, चन्द्रपुर नगरपालिकाका मेयर संजय कुमार काफ्ले, पत्रकार वर्गहरू लगायत अन्दाजी ३०० जनाको उपस्थितिमा उक्त अभ्यास/ डेमोस्ट्रेशन कार्यक्रम सम्पन्न भएको थियो ।

यसैगरी, सशस्त्र प्रहरी वल, नेपाल नं.२ छिन्नमस्ता: बाहिनी मुख्यालय महोत्तरीवाट सशस्त्र प्रहरी निरीक्षक तुला वहादुर चौधरी सहित स.प्र.बल नेपाल छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरी मातहत गणहरूबाट विपद् व्यवस्थापन तालिम प्राप्त ८२ जना सशस्त्र प्रहरी कर्मचारीहरूले विपद् उद्दारसँग सम्बन्धित राफ्ट प्याण्डल कमाण्ड. ड्राई रेस्क्यु विधि, स्लिदरिङ्ग रेस्क्यु, रोप रेस्क्यु. राफ्ट बोट रेस्क्यु, (ओबीएम रेस्क्यु, अण्डर वाटर रेस्क्यु र हाई एङ्गल तुईन रोप रेस्क्यू को डेमोस्ट्रेशन तथा प्रोभाईज्ड साधनको प्रयोग गरी उद्दार गर्ने तरिकाहरू प्रदर्शन गरेका थिए ।

उक्त कार्यक्रममा प्रमुख अतिथि गृह तथा संचार मन्त्री माननिय भरत प्रसाद साहज्यू, नगर प्रमुखज्युहरू, छिन्नमस्ता वाहिनी मुख्यालय महोत्तरीका बाहिनीपति गणेश व. ठाडा मगरज्य र सर्लाही जिल्लाका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतमले विपद् व्यवस्थापन र उद्दार, पूर्व तयारी र डेमोस्ट्रेशन अन्याराको उपादयता र महत्वबारे आ-आफ्नो विचारहरू व्यक्त गरेका थिए ।

## संक्षिप्त समाचार

### झा राससको कार्यकारी अध्यक्षमा नियुक्त

काठमाडौं । सरकारले राष्ट्रिय समाचार समिति (रासस) को कार्यकारी अध्यक्षमा वरिष्ठ पत्रकार धर्मेन्द्र झालाई नियुक्त गरेको छ । मन्त्रिपरिषद्को आज साँझ बसेको बैठकले वरिष्ठ पत्रकार झालाई चारवर्षे कार्यकालका लागि राससको कार्यकारी अध्यक्षमा नियुक्त गर्ने निर्णय गरेको हो । नेपाल पत्रकार महासङ्घका पूर्वकेन्द्रीय अध्यक्षसमेत रहेका झाले २०४३ सालदेखि पत्रकारिता सुरू गरेका हुन् । पत्रकार झा नेपाली पत्रकारितामा अनुभवी प्रशिक्षक र सूचनाको हकको राष्ट्रिय अभियन्तासमेत हुन् ।

### ब्लड क्यान्सरपीडितसँग भेटिन् राज्यमन्त्री

काठमाडौं । शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री बोधमाया यादवले ब्लड क्यान्सर पीडित संजय महराको उपचारमा कमी नगर्न अस्पताल प्रशासनलाई निर्देशन दिएकी छन् । धनुषा रघुनाथपुरका संजय महराको स्वास्थ्य अवस्था बुझ्न शुक्रबार महाराजगञ्जस्थित शिक्षण अस्पताल पुगेकी राज्यमन्त्री यादवले महराको उपचारमा कुनै कमी नगर्न अस्पताल प्रशासनलाई निर्देशन दिएकी हुन् । उनले महराको नि:शुल्क उपचारको बन्दोबस्त मिलाउन आफूले पहल गर्ने पनि विश्वास दिलाएकी छन् । क्यान्सर रोग पीडित महराले आर्थिक अवस्था अत्यन्तै जर्जर रहको भन्दै जीवन बचाइदिनका लागि सबैसँग अपिल गरेका छन् । सहयोगका लागि सम्पर्क नम्बर 9813042759 रहेको छ ।

### स्वतन्त्र वडाध्यक्ष जमालुद्दिन एमालेमा प्रवेश

रौतहट । वैशाख ३० मा सम्पन्न स्थानीय तह निर्वाचनमा रौतहटको गुजरा नगरपालिका वडा नम्बर ५ बाट स्वतन्त्र उम्मेदवार बनेर निर्वाचित भएका वडाध्यक्ष शेख जमालुद्दिन नेकपा एमालेमा प्रवेश गरेका छन् । एमाले अध्यक्ष केपी शर्मा ओली निवास पुगेर वडाध्यक्ष जमालुद्दिनले पार्टी प्रवेश गरेका हुन् । पार्टी प्रवेश कार्यक्रममा एमाले नेता प्रभु साह, मधेश प्रदेश कमिटी उपसचिव आरती भण्डारीलगायत नेता सहभागी थिए । जमालुद्दिन ६२५ मत प्राप्त गरी वडाध्यक्षमा निर्वाचित हुँदा नेकपा एसका आलम बक्सिसले ५६८ मत पाएका थिए ।

### अनियमित लोडसेडिङ्गविरूद्ध प्रदर्शन

वीरगन्ज । वीरगन्ज महानगरपालिकामा भइरहेको पटक-पटक अनियमित लोडसेडिङ्गविरूद्ध लोकतान्त्रिक समाजवादी पार्टी नेपाल वीरगन्ज महानगर कमिटीले विरोध प्रदर्शन गरेको छ । आइतबार लोसपा वीरगन्ज महानगर समितिका अध्यक्ष ओमप्रकाश सर्राफको नेतृत्वमा विरोध प्रदर्शन भएको छ । विद्युत प्राधिकरणले पटक पटक अनियमति लोडसेडिङ्ग, अनावश्यक विद्युत कटौती, भोल्टेज फ्लुक्चुएसन एवं प्राधिकरणको विरूद्धमा लोसपाले पुन: धर्ना र प्रदर्शन गरेको लोसपा वीरगन्ज महानगरका अध्यक्ष सर्राफले बताएका छन् । विरोध प्रदर्शनमा सहभागीहरूले कुलमान घिसिङ्ग खबरदार, जनतालाई दु:ख दिन पाईदैन, विद्युत कटौती बन्द गर लगायतका प्लेकार्डसहित प्रदर्शन गरेका हुन् ।

### रूपन्देहीमा शनिबार फाइजर खोप लगाइने

रूपन्देही । रूपन्देहीमा शनिबारदेखि बालबालिकालाई कोभिड-१९ विरूद्धको फाइजर खोप लगाइने भएको छ । यो खोप प्रथम चरणमा जिल्लाका १६ पालिकामध्ये लुम्बिनी सांस्कृतिक, तिलोत्तमा, देवदह नगरपालिका, रोहिणी र ओमसतिया गाउँपालिकामा लगाइने स्वास्थ्य कार्यालय रूपन्देहीले जनाएको छ । असार ११ देखि १४ गतेसम्म पहिलो चरणको खोप कार्यक्रम सकिनेछ । त्यस्तै, दोस्रो चरणमा असार १५ देखि १८ गतेसम्म बाँकी ११ वटा पालिकामा लगाइने कार्यालयले जनाएको छ । स्वास्थ्य कार्यालयका अनुसार खोप अभियान एक स्थानीय तहमा एकै चरणमा सम्पन्न गरिनेछ । यो खोप ५ वर्षदेखि ११ वर्षसम्म बालबालिकाहरूलाई लगाइनेछ । जिल्लामा लक्षित जनसंख्या ५ वर्षदेखि ११ वर्ष उमेरका १ लाख ३१ हजार ५ सय ५७ जनालाई फाइजर खोप लगाइनेछ ।

### चाइनिज पेस्तोल, म्यागिजन र गोली बरामद

मोरङ । बुढीगंगा गाउँपालिका-६ बस्ने ३२ वर्षीय बिनोद चौधरीको सुनसरी दुहबी नगरपालिका-३ स्थित डेरा कोठाबाट चाईनिज पेस्तोल १ थान, सोको म्याग्जिन १ थान र गोली १ राउण्ड आइतबार बिहान प्रहरीले बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले बिनोदलाई चोरी मुद्दामा नियन्त्रणमा लिई थप अनुसन्धानको क्रममा उनको डेरा कोठा तलासी गर्दा उक्त हातहतियार फेला परेको हो ।

### टिपरको ठक्करबाट साइकलयात्रीको मृत्यु

कपिलवस्तु । कपिलवस्तुको तौलिहवामा टिपरको ठक्करबाट एक साइकलयात्रीको मृत्यु भएको छ । मृत्यु हुनेमा कपिलवस्तु नगरपालिका-३ भिक्षुचोकका ४० वर्षीय फुलचन्द गुप्ता रहेका छन् । टिपरको ठक्करबाट गम्भीर घाइते गुप्ताको उपचारका क्रममा जिल्ला अस्पताल तौलिहवामा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । भैरहवाबाट गोरूसिङ्गेतर्फ जाँदै गरेको बागमती प्रदेश ०३ ००१ क ०३०९ नम्बरको टिपरले गुप्ता सवार साइकललाई ठक्कर दिएको हो । टिपर चालकलाई वडा प्रहरी कार्यालय तौलिहवाले नियन्त्रणमा लिएको छ ।

### जबरजस्ती करणी गर्ने १० वर्षपछि पक्राउ

पर्सा । जबर्जस्ती करणी मुद्दाका फरार अभियुक्तलाई पर्सामा प्रहरीले पक्राउ गरेको छ । पक्राउपर्ने वीरगञ्ज महानगरपालिका-१ का ३५ वर्षीय उमाशंकर गिरी छन् । २०६९ जेठ २ गते राति १२ बजे मानसिक सन्तुलन ठीक नभएकी २६ वर्षीया महिलालाई जबर्जस्ती करणी गरेको आरोपमा मुद्दा परेको थियो । उनलाई जिल्ला अदालत पर्साले २०७० जेठ १७ गते ५ वर्ष कैद सजाय सुनाएको थियो । घटनापछि उनी फरार रहेको र अहिले पक्राउ गरेर अदालत बुझाइएको प्रहरीले जनाएको छ । उनलाई आज प्रहरीले वीरगञ्ज-१ छपकैयाबाट पक्राउ गरेको हो ।

### हात्तीको आक्रमणबाट एक जनाको मृत्यु

कैलाली । कैलालीको टीकापुरमा हात्तीको आक्रमणबाट एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा टीकापुर नगरपालिका-१ की ५० वर्षीया टंकमाया सोडारी रहेकी छन् । शनिबार साँझ कर्णाली नदी किनार सनकट्टीघाटको जंगलबाट निस्केका दुई वटा हात्तीले सोही नदीमा तटबन्ध निर्माणमा मजदुरी गरेर घर फर्किरहेकी सोडारीलाई आक्रमण गरेको प्रहरीले जनाएको छ । उनीसँगै रहेका दुई जना महिलाले भने भागेर ज्यान जोगाएका छन् । पछिल्लो समय कैलाली र बर्दियामा जंगली जनावरको आक्रमण बढ्दै गएको छ । जङ्गल आसपासमा भएका क्षेत्रमा वर्षेनी दर्जनौं मानिसको ज्यान जाने गरेको छ ।

### रेष्टुरेन्टमा आगलागी हुँदा २० लाखको क्षति

जनकपुरधाम । जनकपुरधामस्थित बाँसबारी रेष्टुरेन्ट एन्ड क्याफेमा आगलागी भएको छ । मंगलबार बिहान भएको आगलागीबाट क्याफेमा करिब २० लाखको क्षति भएको छ । सुकरबारी बजारनजिकै मसाला कटेजसँगै टाँसिएर यो क्याफेमा अचानक आगलागी हुँदा क्याफेभित्र रहेका सम्पूर्ण समान जलेर नष्ट भएको धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले जानकारी दिए । विद्युत् सर्ट भई आगलागी भएको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुमान छ । बारूणयन्त्र र सुरक्षाकर्मीको प्रयासमा आगो नियन्त्रणमा आएको छ ।

### पहिराले बगाउँदा दुई जना बेपत्ता

कपिलवस्तु । कपिलवस्तुको शिवराज नगरपालिका-१ मा पर्ने धानखोलामा पहिराले बगाउँदा दुई जना भारतीय बेपत्ता भएका छन् । प्युठानको स्वर्गद्वारीबाट दर्शन गरी लु. २ ख २७१६ नम्बरको गाडीबाट फर्किंदै गरेका उनीहरूलाई गाडीबाट झरेर खोला तर्ने क्रममा पहिराले बगाएको हो । भारतको सिद्धार्थनगर जिल्ला बस्ने वर्ष १७ का निखिल कौशाल र वर्ष १८ सुरज सोनी बेपत्ता भएका छन् । उनीहरूको खोजीकार्य जारी रहेको वडा प्रहरी कार्यालय चन्द्रौटाका प्रहरी निरीक्षक कपिलजङ्ग शाहीले जानकारी दिए ।

### करेन्ट लागेर महिलाको मृत्यु

मोरङ । बिराटनगर महानगरपालिका-१२ बखरी बस्ने ३३ वर्षीया सुनिता चौधरी माझीको बुधबार दिउँसो करेन्ट लागेर मृत्यु भएको छ । आफ्नै को.१ ह ३०३ नम्बरको सिटी सफारी चार्जमा लगाउने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएकी उनको कोशी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो ।

# राजा महेन्द्रको संक्षिप्त परिचय र गरेका उल्लेखनीय कार्य

जन्म : वि.सं. १९७७ जेठ ३०
स्वर्गारोहण : २०२८ माघ १७
आयु : ५१ वर्ष
शासनकाल : वि.सं. २०११ चैत्र १ - वि.सं. २०२८ माघ १७
राज्याभिषेक : वि.सं. २०१३ बैशाख २१
राज्यरोहण अवधि : १७ वर्ष
गरेका कामहरू:
१ टङ्कप्रसाद आचार्यको मन्त्रीमण्डल
२ कुँवर इन्द्रजित सिंहको मन्त्रीमण्डल
३ नेपाल अधिराज्यको संविधान २०१५
४ आम निर्वाचन २०१५
५ बिपी मन्त्रिपरिषद्
६ २०१७ साल पुष १ को कदम
७ पञ्चायती व्यवस्था
८ नेपालको संविधान २०१९
९ गाउँ फर्क राष्ट्रिय अभियान, २०२४
सुधार तथा उल्लेख्यनिय कार्यहरू
१ अर्थतन्त्रको सुधार



नेपाल राष्ट्र बैङ्क, राष्ट्रिय योजना आयोगको स्थापना, बालाजु औद्योगिक क्षेत्र (वि.सं. २०१८), हेटौँडा औद्योगिक क्षेत्र, वीरगञ्ज चिनी कारखाना, नेसनल ट्रेडिङ लिमिटेड, नेपाल आयल निगम, कृषि औजार कारखाना, जनकपुर चुरोट कारखाना, बाँसवारी जुत्ता कारखाना, सिमेन्ट र कपडा उद्योगहरू
२ राजमार्ग तथा सडक
महेन्द्र राजमार्ग, पृथ्वी राजमार्ग र अरनिको राजमार्ग, पूर्व-पश्चिम राजमार्ग, ढल्केबरदेखि पथलैयासम्मको सडक, ढल्केबरदेखि मेची खण्ड, हेटौँडा नारायणगढ खण्ड, नारायणगढ-बुटबल खण्ड र बुटबल कोहलपुर खण्ड, कोदारी राजमार्ग
३ कुटनैतिक अभियान
४ राष्ट्रियताको सम्वर्द्धन
५ सामाजिक सुधार
६ राज्य रजौटा ऐन, २०१७
७ नयाँ मुलुकी ऐन
८ भूमिसुधार कार्यक्रम
९ भारतीय सेना फिर्ता
२०२८ सालमा नेपाल तिब्बत सिमामा राखिएका भारतीय सैनिकका १७ वटा चेकपोष्टहरू हटाउने कार्य

# भारतीय सांस्कृतिक सम्बन्ध परिषद्का अध्यक्षद्वारा राष्ट्रपति र प्रधानमन्त्रीसँग भेट





काठमाडौं । भारतीय सांस्कृतिक सम्बन्ध परिषद्का अध्यक्ष डा. विनय सहस्रबुद्धेले राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री शेरबहादुर देउवा र शिक्षामन्त्री देवेन्द्र पौडेलसँग भेट गरेका छन् । उक्त अवसरमा दुई देशबीच सांस्कृतिक सम्बन्ध प्रवर्द्धन एवम् शैक्षिक स्तर सुधार गर्ने विषयमा छलफल भएको काठमाडौंस्थित भारतीय राजदूतावासले जनाएको छ ।

नेपाल भ्रमणका क्रममा सहस्रबुद्धेले अन्तर्राष्ट्रिय योग दिवस २०२२ को सुरूवाती कार्यक्रमको रूपमा युनेस्को सम्पदासूचीमा सूचीकृत पशुपतिनाथ मन्दिर परिसरमा आयोजित कार्यक्रममा सहभागी भएका थिए ।

भारतमा जारी 'आजादीका अमृत महोत्सव' को कार्यक्रमको रूपमा पशुपति क्षेत्र विकास कोष र पतञ्जली योगपीठसँगको सहकार्यमा काठमाडौंस्थित भारतीय राजदूतावासअन्तर्गतको स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले सो कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रममा पतञ्जलि योगपीठ, काठमाडौंका झन्डै १५० जना योग पारखीहरूको सहभागिता थियो ।

आईसीसीआर छात्रवृत्तिअन्तर्गत भारतमा अध्ययन गरेका नेपालीहरूसहित अन्य नेपाली विद्यार्थीहरूलाई जोड्ने 'सम्पर्क भारत-नेपाल भूतपूर्व विद्यार्थी सञ्जाल' का २०० भन्दा बढी सदस्यहरूसँग सहस्रबुद्धेले कुराकानी गरे । उनले पूर्वविद्यार्थीहरूलाई सम्बोधन गर्दै नेपाल-भारत सम्बन्धलाई मजबुत बनाउन नेपाली विद्यार्थीहरूले निर्वाह गरेको महत्वपूर्ण भूमिकाबारे चर्चा गरे ।

यस सम्बन्धमा आईसीसीआरले खेल्न सक्ने विशेष पहल र भूमिकाबारे छलफल गर्न सहस्रबुद्धेले काठमाडौं विश्वविद्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति र नेपाल तथा एसियाली अनुसन्धान केन्द्र (सिनास)का निर्देशकलगायत प्रमुख शिक्षाविद् र प्राज्ञहरूसँग भेटवार्ता गरेका छन् ।

# द्रौपदी मुर्मु भारतकै पहिलो आदिवासी राष्ट्रपति बन्दै

काठमाडौं । भारतमा एनडीएले राष्ट्रपति पदका लागि झारखण्डका पूर्व राज्यपाल द्रौपदी मुर्मुको नाम अनुमोदन गरेको छ । भाजपा संसदीय बोर्डको बैठकपछि उनको नाममा सहमति भएको हो । यस बैठकमा प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह र भाजपा अध्यक्ष जेपी नड्डा सहित पार्टीका सबै ठूला नेताहरू उपस्थित थिए । मुर्मुले २५ जुनमा उम्मेदवारी दर्ता गर्न सक्नेछिन् ।

बैठकमा २० वटा नामबारे छलफल भएको थियो । बैठकमा यसपटक पूर्वी भारतबाट दलित महिलालाई राष्ट्रपतिको उम्मेदवार बनाउने निर्णय भएको थियो । त्यसपछि मुर्मुको नाम अनुमोदन भएको हो । भारतीय प्रधानमन्त्री



मोदीले उनलाई बधाई दिँदै भने, 'उनी महान राष्ट्रपति बन्नेछिन् भन्ने कुरामा म विश्वस्त छु ।' भाजपाले तीन महिला द्रौपदी मुर्मु, छत्तीसगढका गभर्नर अनुसुया उइके र यूपीका गभर्नर आनन्दीबेन पटेललाई सम्भावित उम्मेदवारको सुचिमा राखेको थियो ।

झारखण्डको नवौं गभर्नर ६४ वर्षीया द्रौपदी मुर्मु ओडिशाको मयुरभञ्जकी हुन् । उनी ओडिशाको रैरङ्पुरबाट विधायक भएकी थिइन् । उनी गभर्नर बन्ने पहिलो ओडिया नेता हुन् । यसअघि उनी २००२ देखि २००४ सम्म भाजपा-बीजेडी गठबन्धन सरकारमा मन्त्री पनि थिइन् । मुर्मु झारखण्डको पहिलो आदिवासी महिला गभर्नर हुन् ।

विपक्षीले पूर्व केन्द्रीय मन्त्री र तृणमूल कांग्रेस (टीएमसी) नेता यशवन्त सिन्हालाई राष्ट्रपतिको उम्मेदवार बनाएको छ । त्यसपछि सिन्हाले तृणमूल कांग्रेसबाट राजीनामा दिएका थिए । सामाजिक सञ्जालमा पोस्ट गर्दै उनले आफू राष्ट्रपति चुनावको दौडमा सामेल हुन तयार रहेको संकेत गरेका थिए ।

अब हुने राष्ट्रति चुनाव जितेमा द्रौपदी मुर्मु देशको पहिलो आदिवासी महिला राष्ट्रपति हुनेछिन् । उनीभन्दा अगाडि दलित वर्गका केआर नारायणन र वर्तमान राष्ट्रपति रामनाथ कोविन्द राष्ट्रपति बनेका छन् । तर यो चुनाव मुर्मले जिते आदिवासी समुदायकी पहिलो राष्ट्रपति र प्रतिभा पाटिलपछि यो पदमा पुग्ने दोस्रो महिला हुनेछिन् ।

भारतमा नयाँ राष्ट्रपति चयनको प्रक्रिया असार १५ बाट सुरू भएको छ । उम्मेदवारी दर्ताको अन्तिम मिति असार २९ गते छ । चुनाव गराउनु पर्ने भएमा यही जुलाई १८ मा चुनाव हुने र जुलाई २१ मा नतिजा आउनेछ ।


- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मधेश प्रदेश, धनुषा, नेपाल
इमेल : malcprovince2@gmail.com


स्थानीय सम्वाद्

# नमुना नगर बनाउने हाम्रो संकल्प हो



**हरिप्रसाद मण्डल**
**नगरप्रमुख, मटिहानी नगरपालिका, महोत्तरी**

**० आगामी पाँच वर्षका लागि तपाइँका प्राथमिकताहरू के-के छन् ?**
– आगामी कार्यकालमा हामी नयाँ भिजन लिएर अगाडि बढ्नुपर्ने हुन्छ । २०७४ सालको निर्वाचनमा निर्वाचित हुँदा त्यतिबेलाका आवश्यकताहरू पूर्ति गर्ने काम गरें । अब नयाँ किसिमका कार्यक्रमहरू लिएर हामी अगाडि बढ्ने परिकल्पना गरेका छौं । आर्थिक विकासलाई प्राथमिकतामा राखेका छौं । उद्योग तथा वाणिज्यतर्फ हामी एउटा नयाँ सोचहरू बनाउँछौं । यस्तै, पर्यटन क्षेत्र, सामाजिक विकास लगायतका तमाम क्षेत्रमा एउटा नयाँ किसिमका परिकल्पना र अहिलेको आवश्यकतालाई मध्यनजर गर्दै अगाडि जानुपर्ने हो । सोहीअनुसार हामीले नीति तथा कार्यक्रम पनि ल्याएका छौं ।

**० विगत पाँच वर्षमा तपाइँले गर्न नसकेका कामहरू के-के छन् ?**
– हामीले विभिन्न कारणवश विगत पाँच वर्षमा कृषि, सडक, पर्यटन, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा उल्लेखनीय काम गर्न सकेनौं । तर जनताको प्राथमिकतालाई अवश्य नै पूरा गरेको अनुभूति नगरवासीले गरिरहेका छन् । पहिलाका योजनाहरूलाई हामीले निरन्तरता दिनैपर्ने हो । त्यसलाई प्राथमिकतामा राखेर नै काम गर्छौं । आगामी पाँच वर्षमा धेरै नीतिगत कुराहरू तलमाथि हुने गर्दछ । त्यतिबेला नयाँ-नयाँ अवधारणाहरू पनि आइसकेका हुन्छन् । यो चुनावका बेला जब हामी जनताको घरदैलोमा पुग्यौं र जे कुराहरू प्राप्त भयो ती कुराहरूलाई पनि प्राथमिकतामा राख्दै काम गर्नुपर्ने भएकोले यो नगरपालिकालाई नयाँ पालिका निर्माणमा जुट्ने हामीले संकल्प लिएका छौं ।

**० आगामी पाँच वर्षमा काम गर्न चुनौती पनि महसुस गर्नुहुन्छ ?**
– जनताका लागि काम गर्दा वा विकास निर्माणका काम गर्दा कुनै पनि चुनौती देखिँदैन । निष्पक्षरूपमा काम गर्ने हो भने चुनौती केही पनि छैन । तर, केही प्रक्रियागत कुराहरूमा अलि-अलि बाधा, अड्चन आउँछन्, त्यसलाई समाधान गर्दै जाँदा खासै चुनौती हुँदैन ।

**० आर्थिक वर्ष २०७९/०८० को नीति कार्यक्रम तथा बजेटमा नयाँ कुराहरू के-के छन् ?**
– यस पटकको बजेटमा विभिन्न नयाँ योजनाहरू अवश्य नै रहन्छन् । हामीसँग वारूण यन्त्र थिएन, त्यो किन्ने हो । सरसफाइको क्षेत्रमा फोहोर उठाउे हामीसँग दुईटा ट्र्याक्टर थियो अब थप एउटा किन्ने योजना छ । नगर प्रहरीको व्यवस्था गरिने छ । यस्तै, पत्रकारहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम जस्ता कार्यक्रमहरू गर्ने योजना छ । यस्तै, हरेक घरलाई कम्तीमा १० वटासम्म आँपको विरूवा वितरण गर्ने कार्यक्रम ल्याउँछौं । पूरै पालिकामा वाईफाई फ्री गर्ने सोचमा छौं । यस्तै-यस्तै विभिन्न नयाँ कुराहरू बजेटमा ल्याउँछौं ।

**० चुनावमा जनताको घरदैलोमा मत माग्न जाँदा के-के प्रतिबद्धताहरू गर्नुभएको थियो ?**
– मैले २०७४ को चुनावका बेला पनि जनतासँग कुनै प्रतिबद्धता वा आश्वासन दिएको थिइन र यो चुनावमा पनि दिइन । किनभने मैले यहाँका आवश्यकताहरूलाई राम्ररी बुझेको छु । आधारभूत आवश्यकताहरू पूर्ति गर्ने मेरो पहिलो प्राथमिकता रहनेछ भनेको थिएँ । त्यहींअनुसार यहाँका जनताले मलाई विश्वास गरेर मतदान गरेका थिए । यसपटक पनि मैले घरदैलोमा जाँदा मतदातालाई भनेको थिएँ कि मेरो विगत पाँच वर्षको काम गराइको आधारमा मत दिनुस् । जनताले मेरो मूल्यांकन गरे र फेरि मतदान गरेर विजयी बनाएर पठाएको हो । म मटिहानी नगरपालिकाको हरेक टोल-टोलमा पुगेको छु, मलाई यहाँका आवश्यकताहरू राम्ररी थाहा छ । म दैनिक जनतासँग सम्वादमै रहन्छु ।

**० मटिहानीको जनजीवन कृषिमा आधारित छ, कृषि क्षेत्रमा के-के ल्याउँदै हुनुहुन्छ ?**
– आगामी कार्यकालका लागि हामीले कृषिलाई विशेष महत्व दिएका छौं । खासगरी यहाँको सिंचाइको समस्या रहेको छ । त्यसका लागि हामीले ट्युबेलको व्यवस्था गर्ने योजना ल्याउँदै छौं । यस्तै, मलखादको पनि समस्या छ । हाम्रो कृषि प्रधान देश भन्ने गरिन्छ तर राज्यले सहजरूपमा मलखाद उपलब्ध नगराउनु ज्यादती नै हो । यसका लागि संघीय सरकारले नै विशेष पहल गर्नुपर्ने हो । हाम्रो राज्यले उपलब्ध गराउन नसक्नु र छिमेकी राष्ट्र भारतबाट किसानहरू ल्याउँदा रोक्न खोज्नु दुर्भाग्य नै हो ।

**० स्थानीय चुनावको दुई दिन पहिला तपाइँकै पालिकामा संघीय सांसद चन्दा चौधरी र तपाइँमाथि पनि आक्रमणको प्रयास भएको थियो, त्यो घटना के थियो ?**
– त्यो त नितान्त निन्दनीय र कायरतापूर्ण कार्य थियो । म उम्मेद्वार थिएँ, आक्रमणकारीहरूले मलाई नै टारगेट गरका थिए । तर एउटा माननीय जो आफ्नो घरमा बसिरहनुभएको छ, उहाँमाथि आक्रमण, गालीगलोज, अभद्र व्यवहार गर्न खोज्नु नितान्त दु:खद् हो । हामी त्यसैबेला घोर भर्त्सना गरेका थियौं । हामी दुवै जनाले त्यतिबेला जिल्ला प्रहरी कार्यालयमा जाहेरी निवेदन दर्ता गराएका थियौं । तर अहिलेसम्म त्यसप्रति कुनै किसिमको कारबाही भएको हामीलाई थाहा छैन । उनीहरू अपराधिक मानसिकता पहिला पनि थिए, यस्ता घटनाहरू घटाइरहेका हुन्छन् ।

**० आक्रमण गर्न खोज्नेहरूमाथि कुनै किसिमको कारबाही भएको छैन त ?**
– ती अपराधिक प्रवृत्तिका व्यक्तिहरूमाथि अहिलेसम्म कुनै किसिमको कारबाही भएको छैन । उनीहरू स्वतन्त्ररूपमा घुमिरहेका छन् । उनीहरूको गतिविधिहरू अहिले पनि त्यस्तै खालका रहेका छन् ।

**० त्यस्ता अपराधिक प्रवृत्तिका व्यक्तिहरूमाथि कारबाही हुन नसक्नुको कारण के हो ?**
– राज्य संयन्त्रमा उनीहरूको पहुँच रहेको बुझिन्छ । राज्यसत्ताको दुरूपयोग गरेर कारबाहीलाई प्रभावहीनता बनाएको होला । उनीहरूले गुण्डागर्दी गरेर चुनाव जित्न सकिन्छ भन्ने ठानेका होलान् । मलाई हत्या गरेर चुनाव जित्छु भन्ने योजना उनीहरूको थियो । अब फेरि अर्को चुनावहरू आउँदैछन्, त्यो बेला पनि उनीहरूले त्यस्ता गतिविधिहरू गर्न सक्छन् । राज्यले त्यस्ता प्रवृत्तिलाई नियन्त्रण गर्न सकेन, जसले गर्दा उनीहरूको मनोबल बढ्दै गएको छ ।

## विश्व परिवेश

# प्रशान्त टापुका १० राष्ट्रसँग सुरक्षा सम्झौतामा बेइजिङ योजनाको पर्दाफास

बेइजिङको १० प्रशान्त टापु देशहरूलाई चीनको कक्षमा फराकिलो सुरक्षा सम्झौतामार्फत ल्याउने योजनालाई यी साना राष्ट्रहरूले अस्वीकार गरेका छन् । यी प्रशान्त राष्ट्रहरूले यी देशहरूमा सुरक्षादेखि माछापालनसम्मका सबै कुरालाई चिनियाँ नियन्त्रणमा ल्याउने गरी प्रशान्त महासागरका राष्ट्रहरूले एउटा व्यापक नयाँ सम्झौतालाई अनुमोदन गर्ने योजना थियो । चीनका विदेशमन्त्री वाङ यी यी १० टापु राष्ट्रका विदेशमन्त्रीहरूसँगको प्रमुख बैठकको सह-आयोजन गर्न सन् २०२२ को मई महिनाको अन्तिम साता फिजी गएका थिए । बेइजिङको योजना त्यहाँ असफल भयो, तथापि, यस क्षेत्रका यी देशहरूले चिनियाँ कक्षको हिस्सा बन्ने प्रस्तावमा गहिरो चिन्ता व्यक्त गरे । वास्तवमा, चीनसँग यी प्रशान्त समूहका देशहरूको मतभेद वाङ र फिजीका प्रधानमन्त्री फ्रान्क बैनीमारामाको संयुक्त पत्रकार सम्मेलनमा खुलासा भएको थियो । दुई नेताले करिब ३० मिनेट बोलेका थिए र पत्रकारहरूले प्रश्न उठाउन खोज्दा दुवै नेताले एक्कासि पत्रकार सम्मेलन छाडेका थिए ।

रिपोर्टर्स विदाउट बोर्डर्स जस्ता निष्पक्ष संगठनले प्रशान्त टापु देशहरूको १० दिने भ्रमणका क्रममा सञ्चारमाध्यमसँगको व्यवहारमा चिनियाँ विदेशमन्त्रीको व्यवहारको आलोचना गरेको थियो । वाङ यीले घटनाहरूमा पूर्ण मिडिया ब्ल्याकआउट लगाए, रिपोर्टर्स विदाउट बोर्डरले टिप्पणी गरे । फिजीमा भएको पत्रकार सम्मेलन व्यवहारिक रूपमा चिनियाँ सरकारले सञ्चालन गरेको थियो । प्रेस पासहरू चिनियाँ सरकारद्वारा जारी गरिएको थियो, फिजीको आयोजकले होइन । आफ्नो भ्रमणको क्रममा वाङ यीले आधिकारिक चिनियाँ सञ्चारमाध्यमका पत्रकारलाई मात्र प्रश्न सोध्ने अनुमति दिएका थिए । एक मान्यता प्राप्त अस्ट्रेलियाली टेलिभिजन च्यानललाई वाङ यी उपस्थित भएको बैठकको छायांकन गर्नबाट रोकिएको थियो ।

यो स्पष्ट थियो, कुनै पनि अवस्थामा, प्रशान्त समूहका देशहरूले चीनको योजनालाई समर्थन गरेका थिएनन् । "सधैं झैं, हामीले नयाँ क्षेत्रीय सम्झौताहरूमा कुनै पनि छलफलमा हाम्रा देशहरू बीच सहमतिलाई प्राथमिकता दिन्छौं,' फिजीका प्रधानमन्त्रीले भने । बेइजिङको सैन्य र आर्थिक महत्वाकांक्षालाई लिएर पनि यी राष्ट्रहरूमा चासो बढ्दै गएको छ ।

प्रस्तावित सम्झौताले बेइजिङले यी प्रशान्त टापु देशहरूमा प्रहरीलाई तालिम दिने, उनीहरूको साइबर सुरक्षामा संलग्न हुने, राजनीतिक सम्बन्ध विस्तार गर्ने, संवेदनशील समुद्री नक्साङ्कन सञ्चालन गर्ने र यी देशहरूको कमान्डमा रहेको भूमि र पानीमा प्राकृतिक स्रोतहरूमा बढी पहुँच प्राप्त गर्ने देखेको थियो । प्रलोभनको रूपमा, बेइजिङले यी साना देशहरूलाई चिनियाँ बजारमा पहुँच प्रदान गर्दै आर्थिक सहायता र चीन-प्यासिफिक टापुहरू स्वतन्त्र व्यापार सम्झौताको सम्भावना प्रस्ताव गरको थियो । प्यासिफिक टापु देशहरू मध्ये, पपुवा न्यू गिनी, सामोआ र माइक्रोनेसियाको संघीय राज्यहरू पलाउसँगै चिनियाँ प्रस्तावको बारेमा आपत्ति जनाएका छन्, जसलाई पलाउले ताइवानलाई मान्यता दिएकोले सन्दर्भमा भएको बैठकमा बेइजिङले निमन्त्रणा गरेको थिएन । एएफपीले पपुवा न्यू गिनीका विदेश मन्त्री सोरोइएओलाई उद्धृत गरेको छ: "हामी चीनसँग हाम्रो आफ्नै सुरक्षा मुद्दाहरू समाधान गर्न चाहन्छौं' ट्रान्स-रिजन सम्झौताको चिन्तालाई संकेत गर्दछ । १० प्रशान्त टापुका देशका नेताहरूसँग सन्दर्भमा भएको बैठकपछि चिनियाँ अधिकारीहरूले आफ्नो आग्रह असफल भएको स्वीकार गर्नुपरेको थियो ।

सन् २०२२ को अप्रिलमा बेइजिङले सोलोमन टापुसँग सुरक्षा सम्झौतामा हस्ताक्षर गरेपछि प्रशान्त महासागरका टापु देशहरूको चासो चिनियाँ मनसायको बारेमा सुरू भएको थियो । सम्झौताको मस्यौदाले सोलोमन टापुहरूको राष्ट्रिय सुरक्षा क्षमता बढाउने कुरामा केन्द्रित छ । यसमा मानवीय सहायता, विपद् प्रतिक्रिया र सामाजिक व्यवस्था कायम राख्न प्रयासहरूमा सहयोग पनि समावेश छ । सम्झौताको एउटा महत्वपूर्ण खण्डमा चीनले सोलोमन टापुहरूमा जहाजको भ्रमण गर्न, लजिस्टिक प्रतिस्थापन गर्न र स्टपओभर र ट्रान्जिसन गर्न सक्नेछ र चिनियाँ सेनालाई चिनियाँ कर्मचारीको सुरक्षा र सुरक्षाको लागि देशमा पठाउन सक्छ । चिन्ताको कारण यो हो कि चीनले सोलोमन टापुहरूमा सेना पठाउन सक्छ र त्यहाँ अष्ट्रेलियाबाट २००० किलोमिटर भन्दा कम दूरीमा स्थायी सैन्य बेस स्थापना गर्न सक्छ ।

चीनले आफ्नो प्रस्ताव क्षेत्रीय स्थायित्व सुनिश्चित गर्न र आर्थिक वृद्धि बढाउनको लागि हो भनी जोड दिन्छ, तर विज्ञहरू डराउँछन् कि यो वास्तवमै रणनीतिक रूपमा महत्वपूर्ण क्षेत्रमा आफ्नो प्रभाव विस्तार गर्ने प्रयास हो । माइक्रोनेसियाका राष्ट्रपति डेभिड पानुएलोले प्रशान्त द्वीप समूहका अन्य नेताहरूलाई चीनसँग यस्तो सम्झौतामा हस्ताक्षर नगर्न चेतावनी दिएका छन् र यो रणनीतिक रूपमा महत्वपूर्ण क्षेत्रमा चिनियाँ प्रभाव बढाउनको लागि एउटा निर्लज्ज प्रयास भएको बताएका छन् । यसले प्रशान्त टापु देशहरूको ढोकामा शीत युद्ध ल्याउने धम्की दिन्छ जुन अन्ततः विश्व युद्धको नेतृत्व गर्न सक्छ । बेइजिङसँग यस्तो सम्झौतामा हस्ताक्षर गरेर, प्रशान्त टापुका देशहरूले आफ्नो सार्वभौमसत्तामा सम्झौता गर्नेछन् । चीनले ताइवानमाथि आक्रमण गर्ने निर्णय गरेमा अष्ट्रेलिया, जापान, अमेरिका र न्युजिल्यान्डसँग द्वन्द्व हुने सम्भावना छ ।

चाखलाग्दो कुरा के छ भने, बेइजिङले सोलोमन टापु, किरिबाटी, सामोआ, फिजी, टोंगा, भानुआटु, पपुवा न्यू गिनी, कुक टापुहरू, निउ र माइक्रोनेसियालाई सुरक्षा सम्झौताको दायराभित्र ल्याउने लक्ष्य राखेको छ । तर मार्शल टापुहरू, नाउरू, पलाउ र टुभालुलाई स्पष्ट रूपमा छोडेको छ, जुन सबैले ताइवानलाई एक देशको रूपमा मान्यता दिन्छ ।

विश्लेषकहरू भन्छन् कि प्यासिफिक टापु देशहरू चीनको लागि रणनीतिक रूपमा महत्वपूर्ण हुनेछ, यदि उसले ताइवानमाथि आक्रमण गर्‍यो भने सैन्य दृष्टिकोणबाट, यी केही प्रशान्त टापु देशहरूमा चिनियाँ उपस्थितिको अर्थ अमेरिकी नौसैनिक सम्पत्तिहरू ढिलाइ गर्ने र द्वन्द्वको अवस्थामा आपूर्ति लाइनहरू अवरूद्ध गर्ने राम्रो क्षमता हो । सिंगापुरको इन्टरनेशनल इन्स्टिच्युट अफ स्ट्राटेजिक स्टडीजका वरिष्ठ फेलो युआन ग्राहमले यसो भनेका छन्, 'चीनले के गरिरहेको छ भन्ने आधारभूत तर्क निकाल्न तपाईंले नक्सा मात्र हेर्नुपर्छ । यदि तपाइँ यी टापुहरू जोड्नुहुन्छ भने, यो एक टापु श्रृंखला हो जुन अष्ट्रेलिया र संयुक्त राज्य अमेरिका बीच, अष्ट्रेलिया र जापान बीच चल्छ । अर्को दृष्टिकोण यो हो कि चीन र सोलोमन टापुहरू बीचको सुरक्षा सम्झौतालाई चिनियाँ भव्य रणनीतिले नभई यस क्षेत्रमा बेइजिङको कमजोरीको भावनाले प्रेरित गरेको हो । प्यासिफिक टापु क्षेत्र चीनको बेल्ट एण्ड रोड इनिसिएटिभको एक महत्वपूर्ण भाग हो जसले सम्भावित रूपमा यी साना राष्ट्रहरूलाई ऋणको जालमा फसाउन सक्छ । २०२१सम्म, चीनले सबै १० प्रशान्त टापु देशहरूसँग बीआरआइ सहयोग कागजातहरूमा हस्ताक्षर गरेको छ जससँग उसले कूटनीतिक सम्बन्धमा हस्ताक्षर गरेको छ । प्रशान्त टापु देशहरूमा चीनको प्रत्यक्ष लगानी सन् २०१३ मा ४९० मिलियन डलरबाट बढेर २०१८ मा ४.५ बिलियन अमेरिकी डलर पुगेको छ । विगत दुई दशकमा चिनियाँ कम्पनीहरूले प्रशान्त क्षेत्रको खानी, सुनको भण्डार र अन्य धातु सम्पदाको अधिग्रहणमा २ अर्ब डलरभन्दा बढी लगानी गरेका छन् । २०१९ मा, बेइजिङले सोलोमन टापुहरूलाई ४ मिलियन आर्थिक सहायताको वाचा गरेको थियो । यस कदमले सोलोमन टापुहरूमा हिंसात्मक प्रदर्शनहरू सुरू गर्‍यो, जसले चार व्यक्तिको ज्यान लियो र बेइजिङलाई दंगा विरोधी गियर प्रस्ताव गर्न र सोलोमन टापुका पुलिसलाई सुसज्जित र तालिम दिन एक पुलिस टोली पठाउन प्रेरित गरेको थियो । चीनद्वारा वित्त पोषित नागरिक अशान्तिलाई खतरामा पार्ने परियोजनाहरूको सम्भावनाले बेइजिङलाई आफ्नो विदेशी हितको रक्षा गर्ने उपाय खोज्न प्रेरित गरेको छ ।

किरिबाटीमा, बेइजिङको लोभका कारण महासागरमा रहेको विशाल संरक्षित क्षेत्रको भविष्य पहिले नै खतरामा परेको छ । फिनिक्स टापु संरक्षित क्षेत्र क्यालिफोर्नियाको आकारको महासागरको एक भाग हो जसलाई विश्व सम्पदा स्थलको नाम दिइएको छ । किरिबाटीले पहिले नै घोषणा गरिसकेको छ कि सरकारले यस क्षेत्रमा लगाइएको व्यावसायिक माछा मार्ने प्रतिबन्ध अन्त्य गर्ने र दिगो रूपमा माछा मार्ने अनुमति दिने योजना बनाएको छ । मे २७, २०२२ मा चीनका विदेशमन्त्री वाङ यीले किरिबाटीको भ्रमण गरे । अब चीन र किरिबाटीबीच यस सम्पदाको व्यावसायिक दोहन गर्न केही सम्झौता हुने अपेक्षा गरिएको छ । अष्ट्रेलियाका नवनिर्वाचित प्रधानमन्त्री एन्थोनी अल्बानीजलाई न्यूजिल्याण्डकी प्रधानमन्त्री जसिन्डा आर्डर्नले भेट गरेकी छन् । "हामी प्रशान्तमा लकस्टेप छौं । म प्रधानमन्त्री आर्डनसँग काम गर्न तत्पर छु, हाम्रा लोकतान्त्रिक छिमेकीहरूसँग काम गर्न चाहन्छु, अल्बानीजले न्यूजील्याण्डका प्रधानमन्त्रीको भ्रमण पछि जुन १०, २०२२ मा पत्रकारहरूलाई भने । अल्बानीजले टोकियोमा अमेरिकी राष्ट्रपति जो बाइडेन, जापानी प्रधानमन्त्री फुमियो किशिदा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गरी चीनबाट उत्पन्न क्षेत्रीय सुरक्षामा पर्ने खतराबारे छलफल गरेका थिए ।

*– विभिन्न एजेन्सीहरूको सहयोगमा*

# नेपालमा तिब्बतीहरूमाथि निरन्तर निगरानी



चिनियाँहरूको अवैध कब्जामा धेरै तिब्बतीहरूले कुनै विकल्प बिना आफ्नो देश छोड्नु परेको थियो । धेरै जसो निर्वासित तिब्बतीहरू भारतमा छन् तर यो हाल विश्वभर फैलिएको छ । नेपालमा धेरै तिब्बतीहरूको घर पनि छ । भारत पलायन भएका तिब्बतीहरू नेपाल भएर जानुपर्छ । र, धेरै तिब्बतीहरूले विभिन्न कारणले नेपालमा बस्ने गरेका छन् ।

तिब्बतीहरूले नेपालमा आफ्नो जीवन पनि सुरू गरेका छन् । अब तिनीहरूमध्ये थोरैले धेरै संघर्ष र कडा परिश्रम पछि ठूला व्यापारिक फ्रान्चाइजीहरू चलाउँछन् । तर त्यहाँ बसोबास गर्ने तिब्बतीहरूप्रति नेपाल सरकार अति चनाखो र शंकास्पद रहेकोमा निरन्तर टिप्पणी गर्नुका कारण छन् ।

तिब्बतबाट आएका तिब्बती भएको र भारत आउनका लागि कागजपत्रहरू बनाउन महिनौंसम्म नेपालमा बसेकोले तिब्बतबाट भर्खरै आएका एक तिब्बती साथीलाई नेपाल प्रहरीका अधिकारीहरूले हिरासतमा लिए र पछि तिब्बत फिर्ता पठाएको घटना म अहिले पनि सम्झिन्छु ।

यसले नेपाल सरकारको चीनप्रतिको निष्ठाको बारेमा धेरै कुरा बताउँछ । उनीहरूले अवस्थाको वास्ता गर्दैनन्, तिब्बतीहरू चिनियाँ सरकारको प्रभावले गर्दा बाध्य छन् । निःसन्देह, नेपालमा तिब्बतीहरू तिब्बती समुदायका लागि महत्वपूर्ण छन्, तर तिनीहरूले चुनावमा समान रूपमा प्रतिनिधित्व गर्दैनन् ।

इतिहासमा अहिलेसम्म सिक्योङ (प्रधानमन्त्री)का उम्मेदवारले नेपालमा प्रचारप्रसार गर्ने अनुमति पाएका छैनन् । यदि अवस्था जटिल नभएको भए, उम्मेदवारहरूले तिब्बती समुदायको एक महत्वपूर्ण भाग नेपालमा नै आफ्नो प्रचार गर्ने थिए । यस्तो घटना कहिल्यै भएको छैन, किनभने नेपाल भारत होइन । नेपाल आफ्नो शक्तिशाली छिमेकी 'चीन'बाट निरन्तर खतरा र प्रभावमा छ । यस्तो अवस्थामा नेपालका तिब्बतीहरूले आफ्नो मताधिकारको मौलिक अधिकार खोस्न दिएनन् । दुईवटा महत्वपूर्ण निर्वाचनमा नेपालमा तिब्बतीहरूको संख्यामा भाग लिने गरेको छ । गत वर्षको सिक्योङ र चितुए निर्वाचनको सन्दर्भमा मतदाताले मतदान गर्न गोप्य स्थानमा भेला भएका थिए । मेरो एक साथीले आफ्नो इन्स्टाग्राम ह्यान्ड लेटमा के पोष्ट गरे भने उसले बिहान २ बजेतिर पूलिङ क्षेत्रमा साइकल चलायो । र वास्तविकतामा कुनै झुटा नमिल्दा यति गोप्य
रूपमा भोट हाल्दा कस्तो अनुभूति हुन्छ भन्ने कुरा पनि साझा गरे । चीनप्रतिको प्रतिबद्धताको ऋणी रहेको नेपाल सरकारअन्तर्गतका तिब्बतीहरूले यस्ता दयनीय कुराहरू सामना गरिरहेका छन् । यति मात्र होइन, धेरै पटक तिब्बतीहरूलाई उनीहरूको पवित्र जन्मदिन मात्रै मनाउनको लागि जेल हालिएको छ । विश्वका सबै भागका तिब्बतीहरूले ६ जुलाई मनाइरहँदा, नेपालमा रहेका तिब्बतीहरू होसियार हुनै पर्छ र निराधार आरोपमा जेलमा परेका थोरैले पनि जेलमा पर्छन् । तिब्बती समीक्षाअनुसार, अमेरिकी राज्य विभागले जारी गरेको अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रतासम्बन्धी २०२१ प्रतिवेदन जुन २ मा प्रहरीले तिब्बती शरणार्थीहरूको निगरानीमा जोड दिएको छ ।

प्रतिवेदनले विशेष गरी परम पावनसँग सम्बन्धित तिब्बतीहरूको धार्मिक गतिविधिहरूको निगरानी गर्ने सुरक्षाकर्मीहरू कसरी बढेको खुलासा भएको छ । थप रूपमा, तिब्बती समुदायका नेताहरूले साझा गरे कि कसरी परम पावनको जन्मदिन जस्ता सार्वजनिक उत्सवहरू सरकारी अधिकारीहरू अन्तर्गत नेपालमा निषेध गरिएको थियो । यसका सन्दर्भमा अमेरिकी सरकारले यस विषयलाई महत्व दिएकोले अमेरिकी राजदूत र नेपाल भ्रमणमा रहेका अमेरिकी सरकारका प्रतिनिधिले तिब्बती समुदायमाथि लगाइएको प्रतिबन्धबारे आफ्ना विचार राख्न नेपालका अधिकारीहरूसँग भेटघाट गरेका छन् । नेपाल सरकार ती प्रतिबन्ध लगाउने कुरामा अडि्कएको थियो ।

तिब्बतीहरू एक चीन नीतिप्रति अडिग रहेको कारणले गर्दा चिनियाँ सरकारले आफ्नो भूमिमा कुनै पनि चीन विरोधी गतिविधिलाई अनुमति दिने वाचा गर्दैन । बेइजिङले तिब्बतीमाथि कस्तो व्यवहार गरेको छ, त्यसरी नै कडा निगरानी राख्ने नेपाल सरकारको औचित्य कत्ति पनि चित्तबुझ्दो छैन । किनभने, परम पावन जयन्ती मनाउनु चीन विरोधी कसरी हुन्छ ? साथै, यी नीतिहरूको लागि कुनै कानूनी आधार छैन । टर्मन्टी चीनका गतिविधिको नेपालको कानुनमा कुनै अर्थ वा बल छैन । विशेष गरी तिब्बती राजनीतिक भाषणलाई लक्षित गर्ने कुनै पनि नीति वा अभ्यासहरू स्पष्ट रूपमा भेदभावपूर्ण छन् र अन्तर्राष्ट्रिय कानूनको उल्लङ्घन गर्छन् ।

दोस्रो, तिब्बतको एक चीन नीतिसँग कुनै सम्बन्ध छैन । तिब्बतलाई चीनको पूर्ण हिस्साको रूपमा जोड्नु चीन समर्थकको कार्य हो । नेपालमा तिब्बती समुदायको बढ्दो निगरानी र अनुगमनले उनीहरूमाथि भेदभावको सुविधा दिन्छ, र उनीहरू राजनीतिक रूपमा सक्रिय भए पनि उनीहरूलाई पुलिस र फौजदारी न्याय प्रणालीको दुरूपयोगको लागि थप असुरक्षित बनाउँदछ । सीमा सुरक्षा सहयोगको परिचालन, आंशिक रूपदेखि तिब्बती सार्वजनिक प्रदर्शनमा प्रतिबन्ध लागू, तिब्बती समुदायको नजिक निगरानी लागू आदि हो । चीनले नेपाललाई निशाना बनाएको छ किनभने यो लामो समयदेखि भारत भाग्न चाहने तिब्बतीहरूको पहिलो गन्तव्य भएको छ । ह्युमन राइट्स वाचले नेपालमा तिब्बती राजनीतिक गतिविधिको दमनलाई "अपीजिङ चाइनाः रिस्ट्रिक्टिङ द राइट्स अफ तिब्बत्स इन नेपाल' शीर्षक दिएको थियो । ह्युमन राइट्स वाचको प्रतिवेदनअनुसार सन् २००८ देखि नेपाल र नेपाल-चीन सीमामा तिब्बतीहरूको अधिकारमाथिको प्रतिबन्ध झनै कडा भएको छ । नेपालले तिब्बतीहरूको लागि केही आधारभूत संरक्षण कायम गरेको भए पनि उनीहरूलाई भेला हुने र अभिव्यक्ति स्वतन्त्रतामा प्रतिबन्ध लगाएको छ । स्वेच्छाचारी गिरफ्तारी र प्रदर्शनकारीहरूको नजरबन्द वा विरोधको योजना बनाइएको विश्वास गर्नेहरूलाई सरकारले तिब्बतीहरूलाई विद्यालय जान, रोजगारी खोज्न, व्यवसाय सञ्चालन गर्न वा अन्य गतिविधिमा संलग्न हुन दिने कागजातहरू प्राप्त गर्न पनि कठिन बनाएको छ ।

*– विभिन्न एजेन्सीहरूको सहयोगमा*




## जिल्ला समाचार

### 'गेटा मेडिकल कलेज प्रतिष्ठान बन्छ'

कैलाली । प्रधानमन्त्री शेरबहादुर देउवाले गेटा मेडिकल कलेजलाई प्रतिष्ठानका रूपमा अगाडि बढाउने बताएका छन् । शनिबार धनगढी उपमहानगरपालिकाको प्रशासनिक भवन उद्घाटन गर्दै प्रधानमन्त्री देउवाले यस विषयमा तत्काल विधेयक ल्याएर काम अघि बढाउने जनाएका हुन् । 'गेटा मेडिकल कलेजलाई प्रतिष्ठानका रूपमा लैजान यससम्बन्धी ऐन ल्याएर काम अघि बढाउँछु,'उनले भने । धनगढीका मेयर गोपाल हमालले गेटा मेडिकल कलेजलाई विश्वविद्यालय वा प्रतिष्ठानका रूपमा अघि बढाइदिन प्रधानमन्त्रीलाई आग्रह गरेका थिए । कैलालीको गेटामा मेडिकल कलेजको संरचना निर्माणको काम सम्पन्न हुने क्रममा छ । स्थानीयले गेटा मेडिकल कलेजका रूपमा नभएर प्रतिष्ठान वा विश्वविद्यालयका रूपमा सञ्चालन गर्न दबाब दिएका छन् । धनगढी उपमहानगरका मेयर हमालले उद्घाटन सत्रमा प्रधानमन्त्री देउवालाई गौरीफन्टा नाकाको स्तरोन्नति तथा कैलाली प्रशासनमातहत राख्नका लागि समेत पहल गरिदिन अनरोध गरेका थिए । जवाफमा प्रधानमन्त्री देउवाले गौरीफन्टा नाका सुधारका लागि गृहमन्त्रालयसँग छलफल गर्ने बताए । सुदूरपश्चिमका मुख्यमन्त्री त्रिलोचन भट्टले पनि गेटा मेडिकल कलेज, पश्चिम सेती, उत्तर र दक्षिण जोडने महकाली करिडोर,सेती लोकमार्ग, खुटिया-दिपायल सडक मार्ग सञ्चालनमा संघीय सरकारको सहयोगका चाहिएको बताए । धनगढी उपमहानगरपालिकाको प्रशासकीय भवन ७ करोड २३ लाख रूपैयाँभन्दा बढीको बजेटमा सम्पन्न भएको हो ।

### जिसस रूपन्देहीको प्रमुखमा कांग्रेस

रूपन्देही । जिल्ला समन्वय समिति रूपन्देहीको प्रमुखमा सत्ता गठबन्धनको तर्फबाट नेपाली कांग्रेसका उम्मेदवार विजयी भएका छन् । निर्वाचनमा नेपाली कांग्रेसका उमाकान्त चपाई २० मत ल्याएर प्रमुख पदमा विजयी भएका छन् । उनका प्रतिद्वन्द्वी नेकपा एमालेका नर बहादुर घर्ती मगरले १२ मत ल्याए । ३२ मत रहेको जिल्ला समन्वय समितिको निर्वाचनमा उपप्रमुखमा लोकतान्त्रिक समाजवादी पार्टीका रामकृपाल धोवी १६ मत ल्याएर विजयी भए । उनका प्रतिद्वन्द्वी नेकपा एमालेकी पवित्रा देवी श्रेष्ठले १५ मत ल्याइन् ।

### हातहतियार र लेनदेन मुद्धाका दुई पक्राउ

बाँके । जिल्ला प्रहरी कार्यालय बाँकेले छुट्टाछुट्टै मुद्दाका दुई फरार प्रतिवादीलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी बाँकेले हातहतियार तथा खरखजाना मुद्दा र लेनदेन मुद्दाका उनीहरूलाई पक्राउ गरेर आज सार्वजनिक गरेको छ । जिल्ला अदालत बाँकेले हातहतियार तथा खरखजाना मुद्दामा दोषी ठहर गर्दै एक वर्ष कैद सजाय सुनाएका डुडुवा गाउँपालिका-६ का ४५ वर्षीय पहलमान पासीलाई जिल्ला प्रहरी बाँकेको टोलीले पक्राउ गरेको हो । जिल्ला अदालत बाँकेबाट २०७२ कात्तिक १ गतेको फैसलाबाट दोषी ठहर भएर जेल सजाय सुनाइएका लामो समयदेखि फरार रहँदै आएका पासीलाई नेपाल भारत सीमा नाकाबाट पक्राउ गरिएको जिल्ला प्रहरी बाँकेका प्रहरी नायव उपरीक्षक मधुसुदन न्यौपानेले जानकारी दिएका छन् । त्यस्तै बाँके प्रहरीले लेनदेन मुद्दाका अर्का एक फरार प्रतिवादीलाई पनि पक्राउ गरेको छ । जिल्ला अदालत बाँकेबाट २०७९ जेठ ५ गते राप्तीसोनारी गाउँपालिका-४ का ४८ वर्षीय लुराम थारूलाई लेनदेन मुद्दामा दोषी ठहर गर्दै एक वर्ष जेल सजायको फैसला सुनाएको थियो । जेल सजायको फैसला आएयता फरार रहँदै आएका थारूलाई आज बाँकेबाट प्रहरीले पक्राउ गरेको हो । हातहतियार तथा खरखजाना र लेनदेन मुद्दाका फरार प्रतिवादी पासी र थारूलाई आवश्यक कारबाहीका लागि जिल्ला अदालत बाँकेमा बुझाइएको जिल्ला प्रहरी बाँकेले जनाएको छ ।

### विराटनगरले आज बजेट ल्याउँदै

विराटनगर । विराटनगर महानगरपालिकाले आर्थिक वर्ष २०७९/८० को लागि बढीमा ३ अर्ब ७० करोड रूपैयाँको बजेट शुक्रबार सार्वजनिक गर्दैछ । महानगर प्रमुख नागेश कोइरालाका अनुसार बजेटले साविक करमा एक पैसा पनि नबढाउने रकरका दायरा बढाउने प्रयास भइरहेको छ। यो बजेट चालु वर्षको तुलनामा करिब ९० करोडले न्यून हुने छ । चालु वर्ष महानगरले संशोधित ४ अर्ब ६० करोडको बजेट परिचालन गर्दा तोकिएको शीर्षकमा आम्दानी गर्न नसक्दा बजेट प्रभावित भएपछि आगामी वर्षको बजेटको आकार घटाएको जनाइएको छ। महानगरको नीति तथा कार्यक्रमले करका दायरा बढाउने प्रयास गर्दै चालु वर्ष कायम भएका करमा एक रूपैयाँ पनि बढाएको छैन। केही शीर्षकमा कर घटेको पनि छ। यो बजेटले अघिल्ला जनप्रतिनिधिको एक अर्बभन्दा बढी दायित्व पनि धान्नुपर्ने स्थिति रहेको महानगरपालिकाले जनाएको छ। बजेटले महानगरका १९ वडालाई ४१ करोड बजेटको व्यवस्था गरेको छ। हरेक वडालाई न्यूनतम २ करोड बजेट छुट्याइएको छ। अनुमानित बजेटको करिब ८८ प्रतिशत पुँजीगततर्फ र १२ प्रतिशत बजेट कार्यक्रम सञ्चालन र प्रशासनिक खर्च हुने अनुमान गरिएको छ। अनुमानित बजेटको स्रोत व्यवस्थापनका लागि महानगरको आगामी वर्ष आन्तरिक आय एक अर्ब गर्ने लक्ष्य राखेको छ। बजेटको स्रोत व्यवस्थापनका लागि महानगरले अन्तरसरकारी वित्तीय हस्तान्तरणतर्फ संघीय सरकारबाट १ अर्ब २१ करोड, विशेष अनुदान ४ करोड, ससर्त अनुदान ७२ करोड १७ लाख र प्रदेश सरकारबाट ससर्त अनुदान ९० लाख पाउने अनुमान गरेको छ।

### बुटवलको नीति तथा कार्यक्रम प्रस्तुत

रूपन्देही । 'एक वडा एक पहिचान' कार्यक्रमलाई प्राथमिकतामा राख्दै बुटवल उपमहानगरपालिकाले आर्थिक वर्ष २०७९/०८० का लागि नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ । नीति तथा कार्यक्रममा बुटवलका ६ वटा वडालाई ग्रिन सिटी र वडा नम्बर १४ देखि १९ सम्मका वडालाई कृषि, पशुपालन तथा हरियाली प्रवर्द्धनसँग सम्बन्धित पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गरिने उल्लेख छ । बुधबार नगरसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्दै नगर प्रमुख खेलराज पाण्डेयले बुटवलको ऐतिहासिक पहिचान नमेटिने गरी विकास गर्ने योजना बनाएको बताए । सहरी पूर्वाधार विकासतर्फ एकीकृत खानेपानी वोर्डको स्थापना गर्ने, तिनाउ जलाधार क्षेत्रको गुरूयोजना तयार गरी बोटङ गर्ने र दुबैतर्फ रात्रिकालीन बजार तथा वाकिङ वे निर्माण गर्न पहल गर्ने, अव्यवस्थित रहेका टेलिफोन तथा केवलका तारहरूलाई व्यवस्थित गर्ने कार्यक्रम छ । ज्योतिनगर, लक्ष्मीनगर चुरे पहाडको भू-क्षय भएको क्षेत्रबाट माटो कटान गरी पार्क र खेलकूद क्षेत्र बनाउन संघ र प्रदेश सरकारसँग सहकार्य गर्ने, सुखौरा खोला किनारमा हरियालीसहित पैदल मार्ग निर्माण गर्ने उल्लेख छ ।

### आगलागीबाट पाँच लाखको क्षति

बाँके । जानकी गाउँपालिका-२ नेवाजी गाउँ बस्ने भगबानदिन अहिरको घरको कोठामा विद्युत सर्ट भई बुधबार बिहान आगलागी हुँदा कोठामा रहेको लत्ताकपडा, सोफा सेट लगायतका सामान जलेर करिब ५ लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ । प्रहरी र स्थानीयवासीको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### साढे दुई केजी चरेससहित युवक पक्राउ

कैलाली । धनगढी उपमहानगरपालिका-५ स्थितबाट २ केजी ५ ग्राम अवैध लागूऔषध चरेस सहित बझाङ्ग बुंगल नगरपालिका-८ घर भई हाल धनगढी उपमहानगरपालिका-५ तारानगर डेरा गरी बस्ने २८ वर्षीय प्रेम ऐडीलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको प्रहरीले उनको कोठा तलासी गर्दा उक्त लागूऔषध फेला पारी पक्राउ गरेको हो ।

### ब्राउनसुगरसहित दुई जना पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-१५ जमुनाहबाट २ ग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ सहित २ जनालाई मंगलबार साँझ प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा कोहलपुर नगरपालिका-१ बस्ने ३० वर्षीय प्रकाश रोकाय र मुगु छायानाथ रारा नगरपालिका-३ बस्ने ३० वर्षीय श्री बहादुर खड्का रहेका छन् । भारतबाट नेपालतर्फ आउँदै गरेका उनीहरूलाई प्रहरीले जाँच गर्ने क्रममा उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

# भारतीय राजदूतावासले मनायो अन्तर्राष्ट्रिय योग दिवस




काठमाडौं । भारतीय राजदूतावासले अन्तर्राष्ट्रिय योग दिवस-२०२२ मनाएको छ ।राजदूतावासले प्रधानमन्त्री शेरबहादुर देउवाको उपस्थितिमा आठौं अन्तर्राष्ट्रिय योग दिवस मनाएको हो । कार्यक्रममा प्रधानमन्त्री देउवाले योग अभ्यासले शरीर र दिमाग दुवैलाई सकारात्मक उर्जा दिने र योगलाई दैनिक जीवनको एक हिस्सा बनाउनुपर्ने उल्लेख गरे । कार्यक्रममा सञ्चार तथ सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सबैलाई नियमित योग गर्नुपर्ने बताए । त्यस्तै दूतावासका कार्यवाहक राजदूत नामग्य सी खम्पाले योगको प्राचिन परम्परा दुई देशको साझा सभ्यता सम्पदा रहेको चर्चा गर्दै यसलाई सम्पूर्ण मानवजातीको कल्याणका लागि विस्तार गर्नुपर्नेमा जोड दिइन् । यो कार्यक्रम जारी “India@75 आजादीका अमृत महोत्सव’अन्तर्गतको उत्सव कार्यक्रमहरूमध्येको एक हो । यस वर्षको योग दिवसको नारा ‘मानवताका लागि योग’ रहेको छ । कार्यक्रममा भारत सरकारको आयुष मन्त्रालयद्वारा स्वीकृत व्याख्यानसहितको साधारण योग विधि प्रस्तुत गरिएको थियो । योगमा अभिरूचि भएका करिब ६०० जनाले उक्त योग सत्रमा सहभागी थिए ।

सन् २०१४ मा संयुक्त राष्ट्र संघ महासभामा १७७ सदस्य राष्ट्रले भारतको प्रस्ताव समर्थन गरेपश्चात सन् २०१५ यता हरेक वर्ष जुन २१ मा अन्तर्राष्ट्रिय योग दिवस मनाइँदै आएको छ ।

# भारतीय सेनाध्यक्ष पाण्डेसँग राजदूत शर्माको भेट

काठमाडौं । भारतका लागि नेपाली राजदूत डा. शंकर शर्माले भारतका स्थल सेनाध्यक्ष जनरल मनोज पाण्डेसँग भेट गरेका छन् ।

नयाँदिल्लीस्थित सैनिक मुख्यालयमा भएको भेटमा द्विपक्षीय रक्षा सहयोगका विभिन्न पक्षबारे छलफल भएको राजदूत शर्माले जानकारी दिएका छन् ।

भेटमा राजदूत शर्माले नेपाललाई निरन्तर सहयोग गरेकोमा भारतीय सेनालाई धन्यवाद दिएका थिए । भारतीय स्थल सेनाको सूचना निर्देशनालयले पनि भेटमा द्विपक्षीय रक्षा सहयोगका विविध पक्षमा चर्चा भएको उल्लेख गरेको छ ।

# मधेश प्रदेशलाई बलियो नेपाल कप यू-१५ क्रिकेट प्रतियोगिताको उपाधि

काठमाडौं । बलियो नेपाल कप यू-१५ क्रिकेट प्रतियोगिता २०७९ को उपाधि मधेश प्रदेशले जितेको छ । बलियो नेपाल न्युट्रिसन इनिसिएटिभको आयोजना तथा क्विन्स इभेन्ट मेनेजमेन्टको व्यवस्थापनमा जारी प्रतियोगिताको फाइनलमा बागमती प्रदेशलाई ४ विकेटले पराजित गर्दै मधेश प्रदेशले उपाधि हात पारेको हो । मुलपानी मैदानमा भएको खेलमा टस हारेर ब्याटिङ्गको गरेको बागमतीले निर्धारित २० ओभरमा ९ विकेटको क्षतिमा ९५ रन बनाएको थियो । बागमतीका लागि आकाश टमाटाले २३ रन जोड्न बाहेक अन्य ब्याट्स्म्यानले राम्रो प्रदर्शन गर्न सकेनन् । मधेशका साईमन रोएले ४ ओभरमा केवल १० रन खर्चिएर २ विकेट लिए । जवाफमा ९६ रनको लक्ष्य मधेशले १५.३ ओभरमा ६ विकेटको क्षतिमा पूरा गर्‍यो । मधेशको जितमा खेलको प्लेयर अफ दि म्याच रञ्जन यादवले ३४ रनको इन्निंग खेले । बागमतीका कप्तान युवराज खत्रीले १६ रन खर्चिएर ३ विकेट लिए पनि टोलीलाई जित दिलाउन भने सकेनन् । प्रतियोगिताको प्लेयर अफ दि टुर्नामेन्ट मधेश प्रदेशका साईमन रोए घोषित भए भने बलियो-११ का जेनिश मगर, कमल शाही र बागमती प्रदेशका युवराज खत्री प्रतियोगिताको इमार्जिंग खेलाडी घोषित भए । विजेता र उपविजेता टोलीलाई ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो ।

## आर्थिक समाचार

### बचत गरी जम्मा भएको रकमबाट छोरी ज्वाईंलाई बीमा कोसेली

काठमाडौं । आमा बुबाको लागि आफ्ना सन्तान प्राणभन्दा पनि प्यारो हुन्छ । सन्ततिको सुनौलो र उज्वल भविष्यको चाहना सदैव आमा बुबाले राखेका हुन्छन् । उनीहरूको पालनपोषन, शिक्षादिक्षा, विवाह, ब्रतबन्ध आदि अविस्मरणीय रहोस् भन्ने इच्छा सबै अभिभावकको हुन्छ । छोरा छोरीको विवाह अभिभावकको लागि एक अमुल्य क्षण हुन्छ । यसै क्षणलाई यादगार बनाउन कुश्मा निवासी मेनका रेग्मीले आफूले सानो-सानो रूपमा बचत गरी जम्मा भएको रकमबाट आफ्ना छोरी ज्वाईंलाई उपहार स्वरूप जीवन बीमा गरीदिएकी छिन् ।

जीवनमा आइपर्न सक्ने जोखिम बहन र बचत पनि होस् भन्ने उद्देश्यले वैवाहिक जीवनको सुरूवात गरेका छोरी ज्वाईं, पुजा रेग्मी र सुभाव आचार्यको जीवन सुखमय होस भन्ने कामना सहित बीमा गरिदिएकी हुन् । कम्पनीको कुश्मा शाखाबाट जारी गरिएको उक्त बीमा योजना सूर्या लाइफका एजेन्सी विभाग प्रमुख, यज्ञ बहादुर राउतले बैबाहिक समारोहमै गएर हस्तान्तरण गरेका थिए । सूर्या सुरक्षित योजना र सूर्या सुरक्षा कवज सहितका यो योजनाले जीवनमा विपत्तिले निम्त्याउन सक्ने आर्थिक समस्याको भार न्यून गर्ने र जोखिम बहन पनि हुने हुदाँ सबैलाई जीवन बीमा गर्न मेनका रेग्मीले सुझाव दिएकी थिइन् । हाँसी खेली घुमेको माईतिघर छोडेर गएकी छोरीका लागि सदैव आमाको चिनो यो कोसेली स्वरूप आफ्ना छोरी र ज्वाईं दुबैको बीमा गरिदिएको कुरा उनले व्यक्त गरिन् । बीमाले जोखिम बहन गर्नुका साथै भविष्यका लागि बचत पनि हुने भएकोले दुलही अन्माउँदा बीमा योजना उपहार दिने एक नौलो र उत्कृष्ट अभियान अहिले चलेको देख्दा जीवन बीमाको महत्व प्रति जनमानसमा सचेतना बढेको भन्ने कुरामा विश्वसत रहेको कुरा समाहरोमा उपस्थित आफन्त र जन्ति पक्षले बताएका छन् ।

### ग्लोबल आइएमईले हज यात्रीहरूलाई विदेशी मुद्रा सटहीको सुविधा दिने गर्ने

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले सन् २०२२ को हजयात्रामा नेपालबाट प्रस्थान गर्ने सम्पूर्ण हजयात्रीहरूलाई उक्त हज यात्राको लागि आवश्यक पर्ने विदेशी मुद्रा (साउदी रियाल समेत) सटहीको सुविधा प्रदान गर्ने भएको छ । बैंकले हजयात्रीहरूको सुविधाका लागि कान्तिपथ, ठमेल, तिनकुने र सिनामङ्गल शाखा कार्यालयहरूबाट साउदी रियाल सहित अन्य विदेशी मुद्रा साट्न सकिने व्यवस्था मिलाएको छ । साथै हजयात्रीहरूलाई मुद्रा सटहीको सिलसिलामा कुनै जानकारी लिनुपर्ने भएमा मोबाइल नम्बर ९८५११६५५२० मा सम्पर्क गर्न समेत बैंकले आग्रह गरेको छ ।

आफ्ना ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले समयसमयमा यस्ता योजनाहरू ल्याएर ग्राहकहरूलाई लावान्भित गर्दै आएको छ । ग्लोबल आइएमई बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुर्‍याउने उद्देश्यले ७६ जिल्लामा बैंकको २८८ शाखा, २६२ एटीएम, २७५ शाखा रहित बैंकिङ्ग सेवा, ५१ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी करिब ८७५ सेवा केन्द्रबाट २८ लाख भन्दा बढि ग्राहकलाई सेवा प्रदान गरिरहेको छ । त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्‍याउँदै आइरहेको छ ।

# नागरिकता विधेयकमा सहमति जुटाउन गृहमन्त्री सक्रिय

काठमाडौँ । नेकपा एकीकृत समाजवादीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसँग गृहमन्त्री बालकृष्ण खाँणले भेटवार्ता गरेका छन् ।

एकीकृत समाजवादी पार्टी कार्यालय आलोकनगरमा भएको भेटवार्तामा गृहसचिव टेकनारायण पाण्डे र गृह मन्त्रालयका कानुन हेर्ने सहसचिव कोमल खत्री पनि सहभागी थिए ।

भेटमा नागरिकता विधेयक चालु संसद्मा दलीय सहमतिमा अगाडि बढाउने विषयमा कुराकानी भएको गृहमन्त्रीको सचिवालयले जनाएको छ ।

सरकारले दलीय सहमतिमा नागरिकता विधेयक संसद्मा पेस गरेर पास गर्ने तयारीस्वरूप दलका शीर्ष नेतृत्वसँग छलफल गरिरहेको छ ।

गृहमन्त्री खाँणले नागरिकता विधेयकबारे पटक-पटक दलहरूसँग छलफल गरेका छन् ।

उनले यसअघि प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओली, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवसँग नागरिकता विधेयकका बारेमा परामर्श गरिसकेका छन् ।

नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक राज्य व्यवस्था तथा सुशासन समितिले पास भई हाल प्रतिनिधिसभामा छ । नागरिकतामा नेपाली पुरूषसँग विवाह गरी आउने विदेश महिलालाई दिने अङ्गीकृत नागरिकतालगायतमा विषयमा सहमति जुट्न सकेको छैन । विधेयक पारित गर्न विलम्ब हुँदा जन्मसिद्ध नागरिकका सन्तान अत्यधिक पीडामा छन् । बुवाआमा नेपाली नागरिक हुँदासमेत उनीहरू अनागरिकको जीवन बिताउन बाध्य छन् ।

# विमानस्थल निजगढमै बन्छ : मुख्यमन्त्री राउत

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढमा कुनै पनि बहानामा सार्न नमिल्ने बताएका छन् । निजगढमा विमानस्थल बन्नुपर्ने माग गर्दै आन्दोलनरत निजगढ सार्वजनिक सरोकार समितिसँगको साक्षात्कारमा निजगढै पुगेर मुख्यमन्त्री राउतले मधेश प्रदेशको विकासका लागि लाइफलाइन रहेको निजगढ विमानस्थल सार्ने खेल स्वीकार्य नहुने बताए ।

सर्वोच्च अदालतको फैसलाको पूर्णपाठ अझै आइनसकेकाले नआतिन निजगढवासीलाई आग्रह गर्दै मुख्यमन्त्री राउतले पूर्णपाठमा निजगढ विमानस्थलका लागि सकारात्मक सन्देश आउने आश गर्न सल्लाह दिए । ‘निजगढ विमानस्थल बन्नुपर्नेमा हामी दृढ छौं । तर विमानस्थलनको नाममा अनावश्यक रूख कटानी गर्न दिँदैनौं,’ उनले भने,‘विश्वको सबैभन्दा ठूलो विमानस्थल होइन, नेपालका लागि सुहाउँदो विमानस्थल बनाउन प्रदेश सरकार हरसम्भव सहयोग गर्न तयार छ ।’

‘निजगढ विमानस्थल निर्माण प्रक्रिया कागजमा मात्र नभई सतहमा सुरू गराउनका लागि दबाब दिनुस्,’ उनले भने । निजगढवासीले केही दिनयता जारी राखेको चक्काजामसहितको आन्दोलन तत्कालका लागि स्थगन गर्न आग्रह गर्दै मुख्यमन्त्री राउतले भने,‘सर्वोच्चको फैसलाको पूर्णपाठ नआउञ्जेलसम्मका लागि आन्दोलन स्थगित गर्नुस् । पूर्णपाठ हाम्रै पक्षमा आउँछ भनेमा विश्वस्त छु । विपक्षमा आए फेरि आन्दोलन गरौंला ।’

## मधेशको...

रामायण अध्यायमा उल्लेख गरिएका सबै ठाउँलाई धार्मिक पर्यटनलाई जोड्न भारत सरकारले रामायण सर्किट तयार पारेको छ । रामायण सर्किटमा नेपालको जनकपुरलाई पनि समेटिएको छ । ४ वर्षअघि भारतका प्रधानमन्त्री नरेन्द्र मोदी जनकपुर आउँदा दुवै देशबीच रामायण सर्किट सम्झौता भएको थियो ।

रामायण सर्किट जोडन विशेष रेल यात्रा दिल्लीबाट सुरू भएको हो । जनकपुरमा पनि ब्रोडगेज रेल लिंक रहेकाले रामायण सर्किटको रेल सिधै जनकपुर आइपुगेको हो । पर्यटकलाई जानकी मन्दिर, धनुषाधाम र जनकपुरमा दैनिक हुने गंगा आरतीमा सहभागी गराइने मधेश प्रदेशका पर्यटन मन्त्री सत्रुधन महतोले बताए ।

‘भारत गौरव टुरिस्ट रेल’ नाम दिइएको रेल भारतीय समयअनुसार मंगलबार साँझ ७ बजे नयाँदिल्लीबाट जनकपुरका लागि प्रस्थान गरेको थियो । रेलको दुईवटा डिब्बालाई विशेष रूपमा योगसम्बन्धी तस्बिर तथा सामग्रीले सजाइएको छ । रेलमा १४ वटा डिब्बा छ । केही बोगीका बाहिरी भागमा भारतका विभिन्न शास्त्रीय एवं लोक नृत्य, पोशाक, पर्व, परिकार प्रवर्द्धन गर्ने किसिमका सामग्री राखेर सजावट गरिएको छ ।


## कार्यालय सहयोगी चाहियो

**नेपाल पिछडावर्ग किसान संघ काठमाडौंलाई कार्यालय सहयोगी आवश्यक भएकोले इच्छुकले निम्न ठेगाना र सम्पर्क नम्बरमा सम्पर्क गर्न अनुरोध गरिन्छ ।**

**नोट : महिलालाई विशेष प्राथमिकता दिइनेछ ।**

**पद :** कार्यालय सहयोगी

**योग्यता :** १०+२ उत्तीर्ण र कम्प्युटरसम्बन्धी ज्ञान भएको ।

**सम्पर्क :** नेपाल पिछडावर्ग किसान संघ काठमाडौं, अनामनगर, सिंहदरबार पूर्वीगेट, सिद्धार्थ बैंक नजिकै

अध्यक्ष, रामप्रमोद महतो (९८१०९२८९२३), प्रमोद महतो (९८०३१०५८५८)

## हाम्रो स्वाभिमान, कृषि कर्मको सम्मान

धान रोपौं, खाद्यान्नमा आत्मनिर्भर बनौं,
राष्ट्रिय धान दिवस
(असार १५) भव्य रूपमा मनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## निजामती सेवामा नवीन प्रतिभाको पहिचान गर्न

- संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सबै कर्मचारी सहभागी बनौं,
- सुशासनका लागि निजामती कर्मचारीले आफ्नो प्रतिभाको पहिचान गरौं,
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेवसाइट हेर्ने गरौं र
- निजामती सेवालाई फरक ढंगले हेर्दै थप क्रियाशील, व्यवहारिक र व्यवस्थित बनाउने कार्यमा सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

**मोबाइल :** ९८४३१४६४८८

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं